

सेलेना भन्छिन्-
'कसैलाई प्रमाणित हुनु थिएन' । १६

सेलेब्रिटीका दु:ख
फेसबुकमा फेक अकाउन्टले हैरानी । १५



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २६ अंक ३१ बुटवल | ७ चैत २०७४ बुधबार चैत्र शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११३८ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, March 21, 2018 | पृष्ठ १२+८ | १० रुपैयाँ

दरबारमार्ग बलात्कार प्रकरण

मुख्य आरोपी कार्की पक्राउ

काठमाडौं (कास)- दरबारमार्गको ल्यान्डमार्क होटलमा माघ ७ गते राति भएको सामूहिक बलात्कार घटनाका मुख्य आरोपी शैलेश कार्कीलाई महानगरीय प्रहरी परिसर काठमाडौंले पक्राउ गरेको छ । मिलेमतोमा गुपचुप राखिएको उक्त घटना वाहिरिएलगत्तै चारै आरोपी फरार थिए । उक्त प्रकरणका अन्य तीन आरोपी दीपक श्रेष्ठ, विकास गौतम र रवि पौडेल भने अझै फरार छन् ।

महानगरीय प्रहरी वृत्त दरबारमार्गको मुद्दा शाखाका इन्स्पेक्टर लक्ष्मणसिंह ठकुरीले मुद्दाको अनुसन्धान गर्ने बाटो नसमातेर पैसाको लेनदेनका आधारमा घटना सामसुम पार्न खोजेका थिए । त्यसमा मुद्दा शाखाकै सई चन्द्र भण्डारीले मुख्य भूमिका खेलेका थिए ।

बाँकी पृष्ठ ५ ▸▸

गजब छ बा !

– अविन –



म ?... यस्तो मन्त्रीज्यूसँग दुई चारोटा सेल्फी हान्नम् कि भनि आ' !... अनि तपैं नि ?



कर्मचारीका लागि केन्द्रीय सरकार गुहार्दै सभामुखहरू

■ मकर श्रेष्ठ

काठमाडौं- सातै प्रदेशका सभामुखले संसद् र संसदीय अभ्यास बुझेका कर्मचारी नहुँदा समस्या परेको भन्दै अनुभवीलाई पठाइदिन प्रधानमन्त्रीसमक्ष आग्रह गरेका छन् । राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनका सिलसिलामा काठमाडौं आएका उनीहरूले 'संसदीय अभ्यास बुझेका कम्तीमा दुई कर्मचारी पठाइदिन' प्रधानमन्त्री, संघीय संसदका सभामुख र संसद् सचिवालयका महासचिवसमक्ष माग गरेका थिए । मौखिक आग्रह सुनुवाइ नहुने संकेत पाएपछि उनीहरूले प्रधानमन्त्रीलाई पत्र नै बुझाएका हुन् ।

सरकारले प्रदेशसभाका लागि २७ कर्मचारी दरबन्दी व्यवस्था गरेको छ । सबै प्रदेश सरकार विधेयक पेस गर्ने चरणमा पुगेकाले सभामुखहरूले आत्तिएर केन्द्रीय सरकार गुहारेका हुन् । संसद् सचिवालयले आफ्ना कर्मचारी सेवा परिवर्तन नगरेसम्म पठाउन नसक्ने जानकारी गराएको छ । संसद्बाट प्रशासनमा सेवा परिवर्तन गरेर भए पनि कर्मचारी पठाइदिन प्रधानमन्त्रीलाई लिखित आग्रह गरेको प्रदेश ३ का सभामुख सानु श्रेष्ठले बताए । 'सेवा परिवर्तन नगरी संसद् सचिवालयका कर्मचारी नआउने भएपछि परिवर्तन गरेरै भए पनि पठाइदिन आग्रह गरेका छौं,' उनले भने । संसद्को प्राविधिक ज्ञान प्रशासनिकतर्फका कर्मचारीलाई नहुने उनले बताए । 'सरकारले दुई कर्मचारी पठाउन नसक्दा संघीयता फेल नहोस् भनेर लिखित पत्र लेखेका हौं,' उनले भने । प्रदेश संसद्मा २०४८ देखिकै संसदीय अभ्यास बुझेका सांसद पनि छन् । सभामुखले समेत बैठक सञ्चालन गर्दा रोस्ट्रममै बसेका कर्मचारीले दिएको लिखित विवरण पढ्नुपर्ने हुन्छ । कर्मचारीले के विवरण तयार गर्ने भन्नेसमेत थाहा पाएनन् र गलत विवरण दिए भने सभामुखको समेत बेइज्जत हुने भएकाले उनीहरू सचेत देखिएका हुन् ।

'सामान्य त्रुटि नहोस् भनेर अनुभवी कर्मचारीको खाँचो परेको हो,' प्रदेश ७ का सभामुख अर्जुनबहादुर थापाले भने । बैठकमा सांसदले कुन विषयमा नियमापत्ति जनाउन मिल्छ ? कुनमा मिल्दैन भन्नेसमेत थाहा नहुने हुँदा अनुभवी कर्मचारी आवश्यक भएको उनले बताए । 'हामीले गलत पढ्यो भने मिडियाले लेखिहाल्छ,' उनले भने ।

संघीय संसद् सचिवालयले प्रदेशको सुरु बैठक सञ्चालन गर्न सातै प्रदेशमा सहसचिवको नेतृत्वको ४ कर्मचारी खटाएको थियो । सहसचिवहरू १५ दिन र अन्य कर्मचारी एक महिना बसेर फिर्ता भए । संसदीय सचिवालयका कर्मचारी फिर्ता भएपछि प्रशासनिक सेवाका कर्मचारीले काम गरिरहेका छन् । बैठक सञ्चालन गर्न उनीहरूमा अनुभव नहुँदा संसदीय प्रक्रियामा गलत काम हुन सक्ने भएकाले अनुभवी कर्मचारी माग गरिएको बताए । सरकारले विधेयक दर्ता, टेबल गर्नेजस्ता कामबारे थाहा नपाएका कर्मचारी हुँदा समस्या देखिएको उनले सुनाए । 'नियममा नमिल्ने काम पनि हुन सक्छ, कम्तीमा दुई अनुभवी कर्मचारी माग गरेका हौं,' उनले भने ।

सभामुख, उपसभामुख देखि कर्मचारीसमेतमा अनुभव कमी भए प्रदेशसभा सञ्चालन प्रभावकारी नहुने विज्ञहरू बताउँछन् । प्रधानमन्त्री कार्यालयका सचिव खगराज बरालले प्रदेश संसद्मा दुई कर्मचारी पठाएर सहयोग गरिदिन संसद् सचिवालयलाई पत्राचार गरिसकेको बताए ।

'प्रदेश संसद्का सभामुखहरूको आग्रहमा कर्मचारी पठाउने व्यवस्था गरिदिन संसद् सचिवालयलाई पत्राचार गरिसकेका छौं,' उनले भने । सचिवालयका प्रवक्ता भरतराज गौतमले संघीय संसद्को प्रतिनिधि र राष्ट्रिय सभा सुरु भइसकेकाले सचिवालयले प्रदेशमा कर्मचारी पठाउन सम्भव नभएको बताए । 'प्रधानमन्त्री कार्यालयबाट दुई/दुइ कर्मचारी पठाइदिन पत्र आएको छ,' उनले भने, 'प्रदेशमा पठाउन संसद् सेवाको दरबन्दी छैन । जसलाई पठाउने हो भविष्य निश्चित नभएसम्म जाऊ भन्न पनि सकिँदैन ।'

बाँकी पृष्ठ ५ ▸▸



बैठक सञ्चालन र लिखित दस्तावेज तयार गर्ने काम अड्कियो
– प्रदेश सभामुखहरू

अनुभवी कर्मचारी पठाइदिन संसद् सचिवालयलाई पत्राचार गरिसक्यौं
– प्रधानमन्त्री कार्यालय

सेवा समूह परिवर्तन नगरी कर्मचारी पठाउन सकिन्न
– संसद् सचिवालय


काठमाडौंमा सम्बोधन गर्दै 'सोफिया'

■ विजय तिमिल्सेना

काठमाडौं- चर्चाको शिखरमा रहेकी सेलेब्रिटी रोबोट 'सोफिया' बुधबार काठमाडौंको एक कार्यक्रममा सहभागी हुँदैछिन् । उनी मानिससरह नागरिकता पाउने पहिलो रोबोट हुन् । उनलाई साउदी सरकारले ४ महिनाअघि महिलाका रूपमा नागरिकता दिएको हो ।

सोफिया राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को आयोजनामा हुने 'सार्वजनिक सेवाका लागि प्रविधि' विषयक सम्मेलनमा सहभागी हुन लागेकी हुन् । सम्मेलनमा मुख्य वक्ताका रूपमा उनले मन्तव्य दिने यूएनडीपी नेपालका सञ्चार प्रमुख कमलराज सिग्देलले बताए । सोफियालाई राष्ट्रसंघीय विकास कार्यक्रमले एसिया प्रशान्त क्षेत्रको आविष्कार दूत (इन्नोभेसन च्याम्पियन) को पदवी दिएको छ । यो पदवी पाउने उनी पहिलो रोबोट पनि हुन् ।

मानव स्वरूप भएकी सोफियालाई हङकङको कम्पनी हचानसन रोबोटिक्सले निर्माण गरेको हो । सोफियाको निर्माण २०१५ मा भएको थियो भने २०१६ मा उनलाई अमेरिकामा आयोजित एक कार्यक्रममा सार्वजनिक गरिएको थियो । साउदी सरकारले उनलाई 'मानव'का रूपमा नागरिकता दिएपछि उनको चर्चा चुलिएको हो । त्यसयता सोफिया विश्वभर हुने विभिन्न सार्वजनिक कार्यक्रममा आकर्षणको केन्द्र बन्दै आएकी छन् । मानवीय स्वरूप दिन उनको अनुहार दिवंगत बेलायती कलाकार अड्रे हेपबनसँग मिल्दोजुल्दो बनाइएको छ । सोफियाले अनुहारबाट ६२ भन्दा बढी भावभंगी देखाउन सक्छिन् ।



सोफियामा गुगलको प्यारेन्ट कम्पनी अल्फाबेटले बनाएको आवाज पहिचान गर्ने प्रविधि प्रयोग गरिएको छ, जसले प्रश्नहरू पहिचान गर्न सघाउँछ । सोफियामा अर्को सफ्टवेयर पनि प्रयोग गरिएको छ, जसले रोबोटलाई मानिसले सोधेको प्रश्न विश्लेषण गरी उत्तर दिन सघाउँछ । यो सफ्टवेयर सिंगुलारिटिनेट नामक कम्पनीले बनाएको हो । यसले सोफियालाई एक पटक सोधेको प्रश्न स्टोर गरी अर्को पटक सोही प्रश्न सोधिए सही उत्तर दिन 'डाटासेट' बनाएर राख्छ । यसले जति धेरै प्रश्न सोधिएको छ, सोहीअनुसार उनको उत्तर दिने क्षमतामा वृद्धि हुँदै जान्छ । सुरुवाती अवस्थाभन्दा सोफिया अहिले धेरै प्रश्नको उत्तर दिने क्षमता राख्छिन् । सबै काम सोफियाले वाइफाईसँग जोडिएर मात्र गर्न सक्छिन् ।

उनको आँखाका रूपमा क्यामेरा प्रयोग भएको छ, जुन हेर्दा मानिसको जस्तै देखिन्छ । आँखामा भएको क्यामेराले सोफिया एक पटक भेटेको मानिसलाई दोस्रो पटक पहिचान गर्न सक्छिन् । निर्माण कम्पनीले दुई महिनाअघि मात्रै उनको क्षमता वृद्धि गरी हिँड्न सक्ने बनाएको थियो ।

प्रादेशिक योजना आयोगमा श्रेष्ठ

■ अमृता अनमोल

बुटवल- सरकारले प्रदेशमा विकास योजनाका खाका बनाउन प्रादेशिक योजना आयोग गठन गरेको छ । मन्त्रिपरिषद्को मंगलवार बसेको बैठकले आयोग उपाध्यक्षमा डा. प्रकाशकुमार श्रेष्ठलाई नियुक्त गरेको हो । अर्घाखाँचीको साविक बल्कोट गाविसवासी श्रेष्ठ अहिले नेपाल राष्ट्र बैंकको निर्देशक छन् ।

अर्थशास्त्रमा विद्यावारिधि श्रेष्ठलाई उपाध्यक्षमा मंगलबारे नियुक्त गरिएको छ । आयोगमा एक महिलासहित ३ विज्ञ नियुक्त गर्ने प्रावधान छ । अन्य सदस्य भने साताभित्र नियुक्त गर्ने तयारी भइरहेको सरकारका प्रवक्ता भौतिक पूर्वाधार विकास मन्त्री वैजनाथ चौधरीले बताए । आयोग अध्यक्षमा मुख्यमन्त्री र सदस्यमा मन्त्रालयगत सचिव रहने व्यवस्था छ । यसअनुसार अन्य सदस्यमा प्रदेश सचिव शंकर पाठक, आर्थिक मामिला मन्त्रालयका सचिव स्थानेश्वर गौतम, भौतिक योजना मन्त्रालयका सचिव मनोज श्रेष्ठ र सदस्यसचिवमा मुख्यमन्त्री कार्यालयका कानुन सचिव निर्मला भट्टराई अधिकारी रहेकी छन् । आयोगको सुझावअनुसार प्रदेश सरकारले विकास योजना बनाउने छ ।

बैठकले मुख्यमन्त्रीको प्रेस सल्लाहकारमा स्थानीय पत्रकार शेरबहादुर केसीलाई नियुक्त गरेको छ । उनी लामो समयदेखि बुटवललाई कार्यक्षेत्र बनाएर पत्रकारिता गरिरहेका छन् । सरकारले १५ दिनभित्र श्वेतपत्र जारी गर्ने जनाएको छ । प्रदेश विकासको अवस्था कस्तो छ र अब के गर्ने भन्ने झल्काउन स्वेतपत्र ल्याउन लागिएको हो । यसका लागि प्रत्येक मन्त्रालयअन्तर्गत सचिवालयलाई अवस्था प्रस्तुत गर्न निर्देशन दिइएको छ । 'मन्त्रीहरूले १० दिनभित्रमा अवस्थापत्र प्रस्तुत गर्नुहुनेछ,' प्रवक्ता चौधरीले भने, 'यस आधारमा १५ दिनभित्र श्वेतपत्र जारी हुनेछ ।' मन्त्रिपरिषद् पहिलो बैठकले संघसित राष्ट्रिय गौरवका आयोजनाको तथ्यांक र अवस्था माग्ने निर्णय गरेको थियो । मुलुकमा सञ्चालित २१ गौरवका आयोजनामध्ये यहाँ ६ वटा छन् । सडक पूर्वाधारअन्तर्गत उत्तर-दक्षिण जोड्ने कालिगण्डकी करिडोर, बबई सिंचाइ र भेरी-बबई डाइभर्सन, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, लुम्बिनी विकास कोष र वन तथा भूसंरक्षणका लागि राष्ट्रपति चुरे संरक्षण आयोजना रहेका छन । यिनका सम्भावना र चुनौती समेटेर श्वेतपत्र जारी हुनेछ ।

- प्रदेशस्तरमा योजना आयोग गठन
- १५ दिनभित्र श्वेतपत्र जारी हुने

नीति तथा कार्यक्रमको तयारी

चैत तेस्रो साता चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याउने तयारी भएको सरकारका प्रवक्ता चौधरीले बताए । 'चैत २५ सम्म विनियोजन विधेयकका रूपमा नीति तथा कार्यक्रम प्रदेशसभामा लैजाने योजना बनाएका छौं,' उनले भने, 'मसान्तभित्र नीति तथा कार्यक्रममार्फत बजेट विनियोजन गर्नुपर्ने कानुनी बाध्यता छ ।' संघले प्रदेशको चालू वर्षको बजेटका लागि १ अर्ब २ करोड पठाएको छ । त्यही सीमामा रहेर कार्यक्रम बनाइने छ । 'अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकासका योजना बनाउने छौं,' चौधरीले भने, 'त्यसका प्रारम्भिक अध्ययन गर्ने, डीपीआर बनाउनेलगायतमा रकम खर्च हुनेछ ।'

प्रदेशमा देशकै मुहार फेर्न सक्ने सामर्थ्य रहेको बुद्ध जन्मस्थल लुम्बिनी छ । जुन विश्वका साढे २ अर्बभन्दा बढी मानिसको आस्थाको केन्द्र हो । लुम्बिनीलाई केन्द्र भागमा राखेर आसपासका बौद्ध क्षेत्र जोड्ने र रुकुमको सिस्ने हिमालदेखि वर्दिया राष्ट्रिय निकुञ्जसम्म पर्यटन प्रवर्द्धन गर्ने मुख्य लक्ष्यसहित नीति तथा कार्यक्रमको गृहकार्य भइरहेको छ । ऊर्जाको विकास र स्थानीय तहका केन्द्रदेखि प्रदेश जोड्ने एवं हुलाकी सडकको स्तरोन्नति तथा व्यावसायिक कृषिमा समेत जोड दिइने छ । 'पर्यटन, कृषि र ऊर्जा प्रदेशका मुख्य आधार हुन्,' प्रवक्ता चौधरीले भने, 'यसलाई ध्यान दिएरै नीति तथा कार्यक्रम बन्ने छ ।' यही बजेटबाट तराईबाट पहाडी नाका जोड्ने सिद्धबाबा सडकलाई जोखिममुक्त बनाउने कामलाई समेत प्राथमिकता दिने उनले जानकारी दिए ।

नक्कली कागजात बनाउने ३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं (कास)- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काठमाडौंको सुकेधारास्थित यातायात कार्यालयका उपसचिवसहित ३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। नक्कली कागजातका आधारमा नेपालीकरणका नाममा ठूलो संख्यामा लाइसेन्स जारी गरेको उजुरीमाथि छानबिनका क्रममा अख्तियारले उपसचिव सुन्दर भट्टराई, शाखा अधिकृत यामलाल ढकाल र नासु यादव पौडेलविरुद्ध मुद्दा दायर गरेको हो। २ हजार ३ सय १५ थान लाइसेन्स नेपालीकरणका क्रममा हालसम्म १ हजार ६ सय ९८ थानमाथि अनुसन्धान भएकोमा ८ सय ५५ वटा नक्कली भेटिएको थियो। उनीहरूमाथि ५ लाख ४ हजार रुपैयाँ बिगो मागदाबी गरिएको छ। कागजात मिलाइदिएर ८० हजार घूस लिएको भन्दै अख्तियारले लेखापढी व्यवसायी राजु सेढाईंविरुद्ध समेत मुद्दा दायर गरेको छ।







पराजुलीविरुद्ध उजुरी

प्रहरीले दर्ता गर्नै मानेन

■ घनश्याम खड्का/कृष्ण ज्ञवाली



नागरिकतामा एउटा मिति, सेवा प्रवेश गर्दा अर्को मिति, शैक्षिक प्रमाणपत्रहरूमा अलग-अलग मिति भएका पराजुलीले प्रधानन्यायाधीशको पद लम्ब्याउन शैक्षिक प्रमाणपत्रका कागजात न्यायपरिषद् सचिवालयमा समेत पेस गरेनन्, यस्तो व्यक्तिका शैक्षिक प्रमाण र नागरिकताबारे सत्यतथ्य छानबिन गरी निजलाई हदैसम्म कारबाही गरिपाऊँ।

- मदनबाबु भण्डारी, उजुरीकर्ता

न्यायपरिषद् र सर्वोच्च अदालतले यो मुद्दा हेरिसकेकाले प्रहरीले सीधै हेर्न नमिल्ने सुझाव आयो, क्षेत्राधिकार नपर्ने भएकाले दर्ता नभएको हो।

- डीएसपी मोहन थापा, मुद्दा फाँट प्रमुख

काठमाडौं- हकै नलाग्ने अवधिसम्म विवरण ढाँटेर पदमा बसिरहेको खुलासा भएपछि न्याय परिषद्बाट पदमुक्त भएका निवर्तमान प्रधानन्यायाधीश गोपाल पराजुलीविरुद्ध परेको फौजदारी दायित्व लाग्ने उजुरीलाई प्रहरीले दर्ता गर्नै आलटाल गरेको छ। महानगरीय प्रहरी परिसर, काठमाडौंमा सोमबार पेस भएको उक्त उजुरी न्यायपरिषद् तथा अदालतमा समेत सोधपुछ गरी मुद्दा दर्ता गर्ने/नगर्ने अवस्थामा पुगिने अनौठो जवाफ प्रहरीको छ।

'सरकारी वकिलसँग हामीले यसबारे परामर्श गर्‍यौं, न्यायपरिषद् र सर्वोच्च अदालतले यो मुद्दा हेरिसकेकाले प्रहरीले सीधै हेर्न नमिल्ने सुझाव आएको छ,' परिसर प्रवक्ता तथा मुद्दा फाँट प्रमुख डीएसपी मोहन थापाले कान्तिपुरसँग भने, 'प्रहरीको क्षेत्राधिकार नपर्ने भएकाले दर्ता नभएको हो।'

प्रहरीको गतिविधिप्रति निवेदनकर्ता असन्तुष्ट छन्। 'हिजो गएँ, मुद्दा फाँटको प्रमुख डीएसपी मोहन थापाले यो राष्ट्रिय सरोकारको विषय हो, दर्ता गर्छौं भनेपछि म जाहेरी दरखास्त छाडेर हिँडें,' उजुरीकर्ता पत्रकार मदनबाबु भण्डारीले भने, 'जाहेरी परेपछि दर्ता हुनुपर्ने हो, किन गरेको छैन, बुझेको छैन। मैले त नागरिकको जिम्मेवारी पूरा गरेको हुँ।'

पराजुलीले प्रचलित कानुनविपरीत नागरिकताको विवरण सच्याएको र शैक्षिक प्रमाणपत्र लिएको भन्दै त्यसमाथि छानबिन गरी दोषी देखिए हदैसम्म कारबाही हुनुपर्ने मागका साथ भण्डारी जाहेरी दरखास्त लिएर सोमबार प्रहरीमा पुगेका थिए। 'नागरिकतामा एउटा मिति, सेवा प्रवेश गर्दा अर्को मिति, शैक्षिक प्रमाणपत्रहरूमा अलग-अलग मिति भएका पराजुलीले प्रधानन्यायाधीशको पद लम्ब्याउन शैक्षिक प्रमाणपत्रका कागजात न्यायपरिषद् सचिवालयमा समेत पेस गरेनन्,' उजुरीमा छ, 'यस्तो व्यक्तिका शैक्षिक प्रमाण र नागरिकताबारे सत्यतथ्य छानबिन गरी निजलाई हदैसम्म कारबाही गरिपाऊँ।'

नेपाल ल क्याम्पस, नेपाल कानुन व्यवसायी परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुर, जिल्ला प्रशासन कार्यालय तनहुँ, जिल्ला प्रशासन कार्यालय काठमाडौं, न्यायपरिषद्, कर्मचारी कल्याण कोषलगायतका निकायबाट पराजुलीको आवश्यक विवरण छानबिनको मागसमेत उजुरीमा गरिएको छ। 'नागरिकतामा शैक्षिक प्रमाणपत्रअनुसार उमेर उल्लेख गराउन चाहेको हो भने सोहीअनुसार निवेदन दिएर नागरिकता सच्याउनुपर्छ,' उजुरीमा भनिएको छ, 'प्रवेशिका तहको शैक्षिक प्रमाणपत्रमा उमेर खुलेको कागजात पेस नगरी सोभन्दा माथिल्लो तहको शैक्षिक प्रमाणपत्रमा उमेर खुलेको कागजात पेस गरेका आधारमा नागरिकता जस्तो संवेदनशील विषयमा फेरबदल गर्न मिल्दैन।'

उजुरीमा कान्तिपुर दैनिकमा विभिन्न मितिमा प्रकाशित पराजुलीबारेका समाचार, न्यायाधीश चोलेन्द्रशमशेर जबराले गत फागुन २८ गते बृहत् पूर्ण इजलासबाट जारी गरेको फरक मतसहितको आदेश र न्यायपरिषदका सचिव नृपध्वज निरौलाले २०७४ फागुन ३० गते जारी गरेको पत्रलाई आधार मान्न माग गरिएको छ।

शंकाका घेरामा प्रमाणपत्रहरू

विभिन्न निकायबाट कान्तिपुरलाई प्राप्त पराजुलीका शैक्षिक प्रमाणपत्र हेर्ने हो भने कतिपय विवरण निकै शंकास्पद देखिन्छन्। चितवनको शारदा माविले २०२८ जेठ २५ मा जारी गरेको स्थानान्तरण प्रमाणपत्रअनुसार पराजुलीको जन्ममिति २००९ चैत १५ गते कायम हुने देखिन्छ। त्यही प्रमाणपत्रका आधारमा आफू वीरगन्जको नेपाल राष्ट्रिय विद्यापीठमा भर्ना भएको भनी पराजुलीले विभिन्न सञ्चारमाध्यममा उल्लेख गरेका छन्। 'तर २००९ चैत १५ को जन्ममिति उल्लिखित प्रमाणपत्र बुझाएर भर्ना भएको व्यक्तिको विवरण कसरी फेरियो ?,' अधिवक्ता कपिलदेव ढकालले भने, 'ट्रान्सफर प्रमाणपत्रका आधारमा विद्यापीठमा भर्ना हुनुभएका गोपाल श्रीमानको नेपाल राष्ट्रिय विद्यापीठको चारित्रिक प्रमाणपत्रमा कसरी २०११ वैशाख १३ गते जन्ममिति उल्लेख भयो ?'

२०११ वैशाख १३ गते जन्ममिति उल्लिखित राष्ट्रिय विद्यापीठको प्रमाणपत्र देखाएर नेपाल ल क्याम्पसमा भर्ना भएका पराजुलीको जन्ममिति दोस्रोपटक फेरबदल भएर २०१० वैशाख १६ गते कायम भएको देखिन्छ। उनले ल क्याम्पसमा आईएल र बीएल अध्ययन गरुन्जेलका प्रमाणपत्रमा यही जन्ममिति उल्लेख छ। त्यस क्रममा ल क्याम्पसको प्रोगेस रिपोर्टमा माध्यमिक तहको विवरणमा भने शारदा माबि र राष्ट्रिय विद्यापीठ दुवैको विवरण उल्लेख छ, जसमध्ये एउटा गलत रहेको निश्चित छ।

पराजुलीले २०३० साउन २१ गते पहिलोपटक नागरिकताको प्रमाणपत्र लिएका थिए। उमेर २१ वर्ष उल्लेख गरी नागरिकता लिएकाले उनको जन्ममिति २००९ साउन २१ गते कायम भएको हो। स्थायी ठेगाना तनहुँ भए पनि उनले नेपाल सरकारको अधिकृतको सिफारिसमा काठमाडौंबाटै नागरिकता लिएको दावी गरेका छन्। 'तर त्यसको अभिलेख प्रशासनमा भेटिएन' भनेर उनले नेपाल टेलिभिजनलाई दिएको अन्तर्वार्तामा भनेका थिए। उनले दोस्रोपटकसमेत यही विवरणका आधारमा २०५३ मंसिर ६ गते प्रतिलिपि नागरिकता लिएका थिए।

तेस्रोपटक भने जन्ममिति नै फेरबदल गरी प्रतिलिपि नागरिकता लिन पराजुली सफल भए। २०६७ कात्तिक २५ गते पुनरावेदन अदालतका तत्कालीन न्यायाधीश पराजुलीले 'नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाऊँ' भनी निवेदन दिएका थिए। उनले शिवपुर गाविस ६, तनहुँ जन्मस्थान उल्लेख गरी प्रतिलिपि माग गरे। प्रमाणपत्र नम्बर १८०३/४४१ उल्लेख गरी २०३० भदौ २१ गते जारी प्रमाणपत्रको प्रतिलिपि माग गर्ने क्रममा उनले जन्ममिति २०१० वैशाख १६ गते उल्लेख गरे।

पराजुलीले दिएको निवेदनको प्रतिलिपिमा अभिलेख विवरण र आफूले गरेको दावीबीच फरक छ। तर पनि निवेदनमा उनले भनेका थिए, 'माथि लेखिएको विवरण मैले जिल्ला प्रशासन कार्यालयबाट लिएको नम्बर १८०३ को नागरिकता प्रमाणपत्रको व्यहोरासँग दुरुस्त छ। फरक छैन। लेखिएको व्यहोरा झूटा ठहरिए कानुनबमोजिम सहुँला/बुझाउँला।' उनको निवेदनलाई समर्थन गर्दै आन्तरिक राजस्व विभागका तत्कालीन उपन्यायाधिवक्ता सूर्यनाथप्रकाश अधिकारीले उक्त व्यहोरा सही भनी नागरिकताको प्रतिलिपि दिन सिफारिस गरेका थिए।

पराजुलीले त्यसअघि लिएको प्रमाणपत्रमा जन्ममिति उल्लेख छैन। उमेर २१ वर्ष लेखिएको थियो। तर अभिलेख कायमै रहेको अवस्थामा पराजुलीले 'प्रतिलिपि निवेदन' मा जन्ममिति फेरेका हुन्। प्रमाणपत्रमा जन्ममिति बदल्नुपरेको भए उनले प्रतिलिपि नभई संशोधनको निवेदन दिनुपर्थ्यो। उनको यो प्रक्रिया र विधि नै गलत छ। त्यसक्रममा उनलाई चिनेको व्यक्तिले समेत सनाखत गर्नुपर्ने कार्यविधि छ। प्रतिलिपिमा फरक विवरण उल्लेख गर्न मिल्दैन।




हामी यहाँ सर्‍यौं

हामी चाबहिल चोकबाट गोपीकृष्ण हलनजिकै धोबिखोला पुल छेउ सरेका छौं। विश्व मुख स्वास्थ्य दिवसका असवरमा २०७४ चैत महिनाभरि निःशुल्क दन्त परीक्षण र उपचारमा १५ प्रतिशत छुट व्यवस्था गरिएको छ। सेवाको मौका अवश्य दिनुहुनेछ।

'जसको दाँत सबल उसको जीवन सफल'

- डा. सुभाष घिमिरे

स्वस्थ जीवनको लागि समर्पित डा. सुभाष घिमिरेद्वारा सञ्चालित स्वस्थ जीवनको लागि समर्पित

ॐ समाज डेण्टल हस्पिटल

OM SAMAJ DENTAL HOSPITAL

गोपिकृष्ण मार्ग, चावहिल, काठमाडौं, फोन नं. : ०१-४४७३८८८, ४४८०८८०, ४८१००३५

Three decades of commitment for excellence in education

भी.एस. निकेतन

उच्च माध्यमिक विद्यालय

मिनभवन, काठमाडौं, नेपाल

भर्ना सम्बन्धि सूचना

प्रवेश परिक्षा र अन्तर्वार्ता- २०७४ चैत्र १० गते ११ बजे देखि १ बजे सम्म

भर्ना लिइने कक्षाहरु:

- Montessori Level, Class I, IV and VI
- Classes II, III, V, VII, VIII मा खाली सिटमा मात्र भर्ना लिइने छ।

नोट: नयाँ भर्ना प्रवेश परिक्षाको योग्यताको आधारमा हुनेछ।

भर्ना फारम र अन्य जानकारीको लागि विद्यालय कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ

फोन नं.: ४६२२७१४, ४६२२०७३, ४६२१७८७

कांग्रेसले निर्वाचन पराजयको समीक्षा गर्ने

जिल्ला कोषाध्यक्ष भेला आजदेखि

कान्तिपुर संवाददाता

नुवाकोट- पार्टी शुद्धीकरणका लागि गुटबन्दी अन्त्य गर्न नेतृत्वलाई सचेत गराउने उद्देश्यसाथ कांग्रेस जिल्ला कार्यसमितिका कोषाध्यक्षहरूको दोस्रो राष्ट्रिय भेला बुधबार यहाँ सुरु हुँदैछ।

कांग्रेसले पार्टीको कोष व्यवस्थित र पारदर्शी बनाउने अभियानका रूपमा यस्तो भेला गर्दै आएकोमा यस पटक प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन हारेपछिको पहिलो राष्ट्रियस्तरको भेला भएकाले राजनीतिक मुद्दालाई प्राथमिकतामा राखिएको कोषाध्यक्षहरूको राष्ट्रिय कार्यसमितिका अध्यक्ष गोविन्द पुडासैनीले बताए।

'यस पटकको सम्मेलन निर्वाचनको समीक्षामै केन्द्रित हुनेछ,' उनले भने, 'पार्टीले कुन-कुन कारण निर्वाचन हार्न पुग्यो, त्यसको समीक्षा गर्दै नेतृत्वलाई घोषणापत्रमार्फत सुझाव दिने तयारी छ।' केन्द्रीय कार्यसमितिले जिल्ला कार्यसमितिहरूलाई यसअघि नै निर्वाचन हार्नुका कारण उल्लेख गर्दै प्रतिवेदन पठाउन पत्राचार गरेको थियो। अधिकांश जिल्ला कार्यसमितिले केन्द्रलाई सुझावसहितको प्रतिवेदन पठाइसकेका छन्। राष्ट्रिय भेलामा तिनै सुझावका आधारमा समीक्षा गरिने पुडासैनीले बताए।

भेला उद्घाटन गर्न कांग्रेस सभापति शेरबहादुर देउवा बुधबार बिहान यहाँ आउँदै छन्। वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री शशांक कोइराला, कोषाध्यक्ष सीतादेवी यादव, पूर्वमहामन्त्रीद्वय प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौलासहितका केन्द्रीय नेताहरू पनि आउँदै छन्।

शीर्ष सबै नेतालाई एउटै मञ्चमा राखेर कोषाध्यक्षहरूका प्रतिनिधि नेताले पार्टीमा गुटबन्दी अन्त्य गर्न सार्वजनिक रूपमै आह्वान गर्ने तयारी छ। 'निर्वाचन हार्नुमा पार्टीभित्रको गुटबन्दी नै मुख्य कारण हो भन्ने हाम्रो ठम्याइ छ,' पुडासैनीले थपे, 'गुटबन्दी जरैदेखि नउखेलेसम्म पार्टी बन्दैन। त्यसका लागि विशेष पहल गर्ने तयारी गरेका छौं।'

७७ जिल्ला भए पनि पार्टी संगठन रहेका ७५ जिल्लाका कोषाध्यक्षहरू कार्यक्रममा सहभागी हुनेछन्। उनीहरूमध्ये अधिकांश आइसकेका छन्। छिमेकी र नजिकका जिल्लाका कोषाध्यक्षहरू बुधबार बिहान आइपुग्ने छन्।

पहिलो दिन उद्घाटन सत्र हुनेछ। त्यसै दिन बेलुकादेखि बन्दसत्र आयोजना गर्ने तयारी भइरहेको आयोजक जिल्ला नुवाकोट र रसुवा जिल्लाका कोषाध्यक्षद्वय महेन्द्र सिंह र पदम न्यौपानेले जानकारी दिए।

सिंहका अनुसार सम्मेलनको सम्पूर्ण तयारी पूरा भइसकेको छ। भेलामा शीर्ष नेताका अतिरिक्त केन्द्रीय सदस्य, सांसद र जिल्ला सभापतिहरूलाई समेत निमन्त्रणा गरिएको छ।

बन्दसत्रमा पार्टी संगठन सुदृढीकरणसम्बन्धी प्रशिक्षण दिने कार्यक्रमसमेत रहेको तनहुँ जिल्ला कार्यसमितिका कोषाध्यक्ष रेशम गुरुङले बताए। 'यो सम्मेलन पार्टी संगठनलाई पुनर्जीवन दिने अभियान हो,' उनले भने, 'सम्मेलनमा पहिलो पटक निर्वाचन समीक्षा हुनेछ।'

पार्टी सभापति देउवाले निर्वाचन समीक्षाका लागि भनेर शुक्रबार केन्द्रीय कार्यसमिति बैठक बोलाएका छन्। यसअघि दुई पटक केन्द्रीय कार्यसमितिका बैठक बसे पनि निर्वाचन समीक्षा भएको थिएन। ती बैठक राष्ट्रिय सभा निर्वाचन, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखको निर्वाचनमा केन्द्रित रहेर छलफल भएको थियो। निर्वाचन समीक्षा बैठक बोलाउन ढिलाइ गर्दै आएको भन्दै केही केन्द्रीय सदस्यहरूले सभापतिको आलोचना गर्दै आएका थिए। अब बस्ने केन्द्रीय कार्यसमितिको बैठकले निर्वाचनको समीक्षा गर्नुका साथै महासमिति बैठकको मिति र स्थानसमेत तय गर्नेछ।

खाँड प्रमुख सचेतक



काठमाडौं (कास)- कांग्रेस सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाले आफ्ना विश्वासपात्र बालकृष्ण खाँडलाई संसदीय दलको प्रमुख सचेतक नियुक्त गरेका छन्। कांग्रेसको महामन्त्री दाबी गर्दै आएका खाँड भने देउवाले प्रमुख सचेतक बनाएपछि असन्तुष्ट छन्। 'तैपनि, संकटका बेला पार्टीले दिएको जिम्मेवारी पूरा गर्छु' उनले भने, 'मेरो योग्यता, क्षमता र रुचि पार्टी संगठनमै थियो, मैले सभापतिजीलाई यही भनेको थिएँ। पार्टी कमजोर भएका बेला दिइएको जिम्मेवारीबाट भाग्ने कुरा हुन्न।'

देउवाले पार्टी पदाधिकारी मनोनयन गर्ने तयारीसमेत गरेका छन्। आकांक्षी धेरै हुँदा देउवा सभापति बनेको दुई वर्षसम्म उपसभापति, महामन्त्री र सहमहामन्त्री चयन हुन सकेको छैन। महामन्त्रीमा पूर्णबहादुर खड्का, ज्ञानेन्द्रबहादुर कार्की, प्रकाशशरण महतको दाबी छ।

Kellogg's



स्वादिलो. सजिलो. पोषिलो.

अन्नले बनाइएको Kellogg's Corn Flakes को मज्जा लिनुहोस्।

• पोषण तत्त्वले भरिपूर्ण सुनौला फ्लेक्सहरू • आइरनको शक्ति + ८ अत्यावश्यक भिटामिन्स् र मिनरल्स् युक्त

Kellogg's Corn Flakes को मज्जा लिने ३ सजिला विधिहरू

१ खन्याउनुहोस् कर्न फ्लेक्सलाई कचौरामा

२ थप्नुहोस् तातो वा चिसो दूध

३ मज्जा लिनुहोस् बदाम/काजु/फलफूल/ ड्राइफ्रुट इच्छानुसार थपेर

Enlarged view of corn grits. Suggested serving. The Kellogg's logo, with the wheat sheaf as a visual representation of our grain heritage, is not indicative of the ingredient in the product.

2098.2018

Go Further Ford

THANK YOU

For making All-New Ford Ecosport, The Best Selling Urban SUV in Nepal

As a frequent traveler, I look for a ride that balances luxury and comfort. EcoSport is exactly what I desire. The handling is terrific and performance is undeniably remarkable. The EcoSport is truly a wonderful SUV with jam-packed features and great look and is affordable for a middle class family as well. In the world of compact SUVs, EcoSport actually raises the bar for its competitors.
Mr. Madan Raj Bharati

The features of EcoSport are packed to meet my needs. The infotainment has a great look and attractive finesse while the voice command is very useful in context to Nepal's traffic conditions. The power of this compact SUV is really good and in terms of performance, I have no complaints. Ford EcoSport, for me, is the total package.
Dr. Neeraj Singh



I am greatly satisfied with EcoSport. The SUV is fit for narrow roads and ideal for KTM city. The controls are easy and features such as voice command and touch screen operates smoothly. Boot space is good and so is the performance. Overall, the SUV does promise a smooth drive.
Mr. Sukadev Joshi





EcoSport is an attractive SUV. The interior including the music system is pretty amazing. For a family of 5 people, this compact SUV is extremely spacious. Performance wise, it is great too.
Mr. Raju Dhakal



You can tell that the SUV has given a lot of attention to details. From its robust style and high power to quality build, superb handling, and impressive technology, Ford EcoSport is truly an SUV I feel proud to own.
Mr. Omesh Pradhan

EcoSport meets more than my expectations. The power and performance is extremely good and the interior along with the internal features are quite wonderful as well. Even though it is a compact SUV, there is ample leg room and is very spacious. The SUV suits perfectly for Nepal as it has great clearance, smooth voice control, good Bluetooth connectivity, and dual airbags too.
Mr. Anish Tamrakar



Powerful 1.5L Inline Cylinder Engine delivering **123PS Power** (Best in Segment)



Sync3 with 8 inch floating touchscreen with Apple Carplay and Andriod Auto compatibility



Upto 6 Airbags to provide all round protection for you and your family



Paddle Shift for smoother gear change



17" Titanium Alloy Wheels



Refreshed grill and projector headlamps for more sportier looks

* Based on registration figures for last 4 months for passenger segment SUV.

GO FORD, G.O. Automobiles Pvt. Ltd., Thapathali, Kathmandu
Thapathali Showroom: 4244254, 4257001, 9801201235, Chabahil Showroom: 4485709, 4488262, 4488263, 9801202923, E-mail: info@ford.com.np, Website: www.ford.com.np
Like us on: www.facebook.com/fordnepal

• Biratnagar: 021-463593, 9802782191, 9802782194, 9802032225 • Birgunj: 051-533186, 9802951102, 9802951103 • Butwal: 071-41503 3, 9857031014, 9802656281 • Bhairahawa: 9857031014 • Janakpur: 041-528357 • Narayanghat: 056-526672, 533071, 9855066171, 9802925171 • Birtamode : 023-544830, 9817087924, 9802777189 • Nepalgunj: 081-403023, 9802522771 • Dang: 082-560794, 9802630336, 9810268446 • Dhangadi: 091-416515, 9858421850, 9801728082 • Pokhara: 061-541284/85, 9856036160, 9856036150, 9856056160 • Banepa: 011-691231, 9841606282, 9851017965 • Hetauda: 057-524589, 9802951101

*Terms and conditions apply. Features and specifications shown may not be part of standard fitment, may vary from model to model and can change without any notice. Colours are indicative only and may vary due to printing constraints.

ईयूले दियो पर्यवेक्षणको प्रतिवेदन

काठमाडौं (कास)- युरोपियन युनियन (ईयू) निर्वाचन पर्यवेक्षण मिसनले भविष्यमा हुने निर्वाचनका लागि केही सुझावसहित आफ्नो अन्तिम प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन पर्यवेक्षण मिसनले निर्वाचन प्रक्रियामा सुधार ल्याउन २९ सुझावसहित प्रतिवेदन प्रस्तुत गरेको हो। युरोपेली संसदका सदस्य एवं प्रमुख पर्यवेक्षक जेल्याना जोभ्कोले नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, पर्यवेक्षक समूह र नागरिक समाजका संगठनसमक्ष प्रतिवेदन प्रस्तुत गरेकी थिइन्।

राजधानीमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनले भनिन्, 'नेपालको लोकतान्त्रिक प्रक्रियाको सबलीकरणका लागि नेपाली साझेदारसँग काम गर्न ईयू प्रतिबद्ध छ र यसले आउँदा महिना र वर्षहरूमा यहाँको निर्वाचनसम्बन्धी सुधारमा गहिरो अभिरुचि राखिरहनेछ।'

मिसनले निर्वाचन संविधान कार्यान्वयनमा कोसेढुंगाका रूपमा रहेको पनि उल्लेख गरेको छ। सुझावमा बढीजसो जातीय र भाषाको विषयलाई प्राथमिकता दिइएको छ। धेरै कानुनी प्रावधान निर्वाचनको तीन महिनाभन्दा कम अवधि रहँदा लागू गरिएकाले तिनको प्रचारप्रसार/समीक्षा गर्न पर्याप्त समय नभएको उल्लेख छ। मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवारी दिने, संगठन गर्ने, भेला हुने तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका सकारात्मक कार्यसम्बन्धी व्यवस्था समानता प्रवर्द्धन गर्ने माध्यम मात्र भएकाले यो कुरा समानतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डविपरीत रहेको समेत बताइएको छ।

मतदान केन्द्रमा मतदाताको सहभागितासम्बन्धी तथ्यांक र निर्वाचन क्षेत्रमा गणनाको तालिकालाई शीघ्र प्रकाशन गरी दल र उम्मेदवारका प्रतिनिधिलाई उपलब्ध गराएर परिणाम प्रक्रिया पारदर्शी बनाउनुपर्ने सुझाव पनि पर्यवेक्षण मिसनले दिएको छ।

आवासीय कर्मचारी हटाइने

काठमाडौं (कास)- संसद् भवन बानेश्वरको पूर्वतर्फको टहरामा बसेका आवासीय कर्मचारीलाई हटाइने भएको छ। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको नेपाल राष्ट्रिय कर्मचारी संगठनले सीमित कर्मचारीलाई मात्रै आवासको व्यवस्था गरेको भन्दै विरोध गरिरहेका थिए।

केन्द्रका कार्यकारी निर्देशक पुरुषोत्तम अमात्य, संसद् सचिवालयका सहसचिव सुरजकुमार दुरासहित उपस्थित बैठकले आइतबारसम्म टहरा खाली गर्ने निर्णय गरेको हो। टहरामा केन्द्रका प्लम्बर केशवप्रसाद कोइराला, इलेक्ट्रिकल टेक्निसियन सुनील कुसवाह, कार्यालय सहयोगी प्रदीप कोइराला बस्ने गरेका थिए।

संसदीय समिति

संख्या बढाउन लबिइङ

■ राजेश मिश्र

काठमाडौं- संघीय संसद्मा रहने संसदीय समितिको संख्या बढाउन 'लबिइङ' सुरु भएको छ। सरकारले मन्त्रालयको संख्या बढाएलगत्तै राजनीतिक वृत्त र संसद् सचिवालयका केही कर्मचारीले प्रस्तावित समितिको संख्या कम भएको भन्दै छलफल चलाइरहेका छन्।

उनीहरूले नियमावली समितिका सदस्यदेखि संसद् सचिवालयका महासचिवसमेतलाई समितिको संख्या बढाउने विषयमा सहमत गराउन प्रयत्न गरिरहेका छन्। समितिका कतिपय सदस्यबाट पनि प्रस्तावित संख्या कम रहेको राय आएपछि संख्या बढाउन 'लबिइङ' गर्नेहरू हौसिएका छन्। मन्त्रालयको कामकारवाहीको सूक्ष्म अनुगमनका लागि सम्बन्धित मन्त्रालयसँग सरोकार राख्ने छुट्टाछुट्टै समिति हुनुपर्ने तर्क उनीहरूको छ। सचिवालयका उच्च अधिकारी भने संख्या बढाउनुपर्ने तर्कमा सहमत देखिन्नन्। उनीहरू प्रस्तावित संख्याबाटै प्रभावकारी काम लिन सकिने बताउँछन्।

'थोरै भए मात्र सबै समिति सक्रिय र प्रभावकारी हुन सक्छन्, काम चुस्तदुरुस्त हुन्छ। कर्मचारी व्यवस्थित ढंगले परिचालन गर्न सकिन्छ,' सचिवालयका एक उच्च अधिकारीले भने, 'सातवटै प्रदेशसभामा पनि समिति गठन हुने भएकाले संघीय संसद्मा हरेक दृष्टिकोणले समितिको संख्या थोरै राख्दा नै उपयुक्त हुन्छ।' संसद् सचिवालयले प्रतिनिधिसभामा ७ वटा मात्रै विषयगत समिति राख्ने प्रस्तावसहितको प्रतिवेदन नियमावली समितिलाई बुझाइसकेको छ।

सोमबार बसेको समितिको पहिलो बैठकले उक्त प्रतिवेदन अध्ययन गर्ने निर्णय गरेको छ। सचिवालयका सहायक प्रवक्ता केशव अर्यालले संसद्लाई सहयोग पुगोस् भनेर सचिवालयले कार्यदल गठन गरी संसदको कार्यसञ्चालन नियमावली तथा समितिहरूको नाम र संख्यासहितको मस्यौदा तयार पारिएको बताए।

सचिवालयले सार्वजनिक लेखा, राज्य व्यवस्था, कृषि-जलस्रोतलगायतका मन्त्रालय हेर्ने गरी प्राकृतिक स्रोत समितिको प्रस्ताव गरेको छ। अर्थ, उद्योग तथा वाणिज्य विषयको एउटै समिति, विकासे मन्त्रालयहरू हेर्ने विकास समिति, शिक्षा, स्वास्थ्य, जनसंख्या र महिला मन्त्रालय हेर्ने गरी सामाजिक समिति तथा कानुन, न्याय, श्रम एवं अन्तर्राष्ट्रिय सम्बन्ध हेर्ने गरी सातौं समिति प्रस्ताव गरिएको छ। संविधानसभामा १२ वटा विषयगत र सुनुवाइ समिति गरी १३ समिति थिए। त्यतिबेला मन्त्रालयको संख्या ३१ थियो।

> 'असन्तुष्टलाई थुमथुम्याउन वा भाग पुऱ्याउन मात्रै संख्या बढाउनु ठीक होइन'

संविधानअनुसार मन्त्रालयको संख्या घट्ने भएपछि सचिवालयले पनि विषयगत समितिको संख्या घटाएर आफ्नो प्रतिवेदन तयार गरेको थियो। नियमावली समितिमा रहेकी एमाले सांसद बिन्दा पाण्डेले मन्त्रालयको संख्या थपिएकाले समितिहरूको संख्या, नाम, अधिकारजस्ता विषयलाई 'रि-म्यानेज' गर्नुपर्ने सम्भावना औंल्याइन्। 'सचिवालयले तयार पारेको नियमावलीको खाका पाएका छौं, त्यसको अध्ययनपछि आवश्यकताअनुसार परिमार्जन गर्न सकिन्छ,' उनले कान्तिपुरसँग भनिन्, 'प्रभावकारी कामका लागि समितिको संख्या थप्नुपर्ने देखिए थप्न सकिन्छ वा सचिवालयले गरेको प्रस्तावलाई नै स्वीकार गरेर जान सकिन्छ।'

नियमावली समितिकै कतिपय सदस्य संख्या थप्नुपर्ने पक्षमा देखिएको सचिवालय उच्च स्रोत बताउँछ। 'मन्त्रालय थपिँदैमा समितिको संख्या पनि बढाइहाल्नु पर्दैन, प्रस्तावित समितिहरूकै जिम्मेवारी बढाइदिए पुग्छ,' ती अधिकारीले भने, 'तर यहाँ नेताहरूलाई भाग पुऱ्याउन, मन्त्री नपाएर असन्तुष्टलाई समिति सभापतिको पद दिएर थुमथुम्याउन वा राजनीतिक दललाई भागबन्डा पुऱ्याउन समितिको संख्या थपिन्छ, त्यो उपयुक्त होइन।'

समिति सभापतिहरूले राज्यमन्त्रीसरहका सुविधा पाउँछन्। संख्या थपिएसँगै राज्यको व्ययभार पनि त्यही अनुपातमा बढ्ने भएकाले कम समितिबाटै प्रभावकारी काम लिने गरी अघि बढ्नुपर्ने उनी बताउँछन्। विगतमा संख्या धेरै हुँदा कतिपय समितिले कामै नपाएको समेत अध्ययन गरेर विषयगत समिति थोरै राख्न सचिवालयले सुझाएको ती अधिकारीले जनाए।

सचिवालयले प्रतिनिधिसभामा रहने विषयगत ७ वटाबाहेक राष्ट्रिय सभामा ३, संयुक्त समिति १ तथा संविधानले निर्दिष्ट गरेका काम अनुगमनका लागि थप दुई समिति गरी संघीय संसद्मा १३ वटा समिति प्रस्ताव गरेको छ। राष्ट्रिय सभामा दिगो विकास, विधायन र प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति प्रस्तावित छन्। संसदीय सुनुवाइ समितिलाई दुवै सभाको संयुक्त समितिका रूपमा राख्नुपर्ने सचिवालयको प्रस्ताव छ। यीबाहेक प्रतिनिधिसभामा राज्यको निर्देशक सिद्धान्त कार्यान्वयन भए/नभएको हेर्ने समिति तथा महाअभियोग प्रस्ताव समिति राख्ने प्रस्तावसमेत छ।

सचिवालयका प्रवक्ता भरतराज गौतमले संसद्लाई सहयोग पुऱ्याउने उद्देश्यले मात्रै तयार पारिएको मस्यौदालाई नियमावली समितिले आवश्यक अध्ययन गरी आवश्यकताअनुसार परिमार्जन वा थपघट गर्न सक्ने बताए। 'संसद् कार्यसञ्चालन नियमावली कस्तो बनाउने विशेषाधिकार संसदकै हो,' उनले भने।

प्रतिनिधिसभा बैठकले कार्यसञ्चालन नियमावली बनाउन सबै दलबाट प्रतिनिधित्व रहने गरी १३ सदस्यीय समिति गठन गरिसकेको छ। समितिलाई नियमावली तयार पार्न एक महिना समय दिइएको छ। नियमावलीको तयारी र समितिहरू गठनपछि मात्रै संसद्ले प्रभावकारी काम गर्न पाउने हो।

समितिकी सदस्य रेखा शर्माले नियमावली बनाउन एक महिनाको अवधि तोकिए पनि आफूहरूले सक्दो छिटो तयार पार्ने बताए। 'समिति भनेको मिनी संसद् हो, धेरै विषय त्यहीं टुंगिएर संसद्मा पेस हुने हो,' उनले भनिन्, 'समितिको संख्या कति हुनुपर्छ भन्ने विषयमा हामी प्रवेश गरिसकेका छैनौं। पहिलो बैठक मात्रै भएको छ। आवश्यकताअनुसार समितिहरूको संख्या तोक्नेछौं।'

समितिको अर्को बैठक चैत ८ मा बोलाइएको छ। त्यसै दिन समितिको संयोजक तोकिने र कामलाई गति दिइने उनले बताइन्।

कर्मचारी आवश्यकता

भोटाहिटी स्थित यस **शुभरत्न बचत तथा ऋण सहकारी संस्था लि.** का लागि निम्न बमोजिमका कर्मचारी तुरुन्त आवश्यक परेको हुदां इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा, शैक्षिक प्रमाण-पत्रको फोटोकपी, नागरिकताको फोटोकपी, एक प्रति पासपोर्ट साइजको फोटो सहित ७ दिन भित्र निवेदन दिन आव्हान गरिन्छ ।

क्र.स.	पद	संख्या	योग्यता
१	लेखापाल	१	बि.बि.स.
२	क्यासियर	२	१०+२
३	बजार प्रतिनिधि	५	एस.एल.सी

स्थानीय र अनुभवीलाई विशेष ग्राहयता दिइने छ ।

सम्पर्क नं. ४२२२५५१, ४२२२५७०

Galaxy Public School — Vacancy Announcement

Galaxy Public School, Gyaneshwor, Kathmandu invites application for the following posts.

No.	Post	Position	Level
1	**Primary In charge**	2	Primay
2	**Preschool In Charge**	1	Preschool
3	**Science Teacher (Part time)**	2	Secondary
4	**English Teacher**	2	Primary
5	**Early Childhood Education Teacher (8:00am - 5:00 pm)**	3	Preschool
6	**Art & Drawing Teacher**	1	Primary
7	**Computer Lab Assistant**	1	-
8	**Floor In charge**	3	-
9	**Hostel Warden (Boys)**	1	-
10	**Hostel Warden (Girls)**	1	-
11	**Tutors (Part Time)** Evening: 5:30 pm to 8:00 pm Morning: 7:00 am to 8:00 am (also on Saturdays and public holidays)	6	-
12	**Assistant Account Officer**	2	-
13	**Cashier /Receptionist (Female)**	2	-

Interested candidates must highlight the Post for which they have applied. The Post should be written in BLOCK letters on the top of the envelope. Envelopes containing Application letters along with CVs and supporting documents must reach the school within a week from the publication of this advertisement. Please send your applications to **Galaxy Public School**, Gyaneshwor-30 or E-mail to: **galaxypublicschool@gmail.com**. If you e-mail your application, please send scanned copies of all relevant documents. Only shortlisted candidates will be called for interviews.

Gyaneshwor-30, Kathmandu, **T** 4411362, 4410076, 4444325, 4411635, **W** www.galaxy.edu.np

किचन हेल्पर र वेटर सम्बन्धि निःशुल्क तालिमको सूचना

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, श्रम विभाग अन्तर्गत रहेको रोजगार सूचना केन्द्र (वागमती अञ्चलसंगको सहकार्यमा रेष्टुरेण्ट तथा वार एशोसिएसन नेपाल (रेबान) ले बेरोजगार युवाहरुलाई २ महिने (सैद्धान्तिक र व्यावहारिक गरी ४८० घण्टा) किचन हेल्पर र वेटर सम्बन्धि कार्यस्थल तालिम गर्न लागेको हुँदा निम्न अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

काठमाण्डौं उपत्यकाका लागि तालिममा आवश्यक प्रशिक्षार्थी संख्या: ३५ जना, पोखरा उपत्यकाका लागि तालिममा आवश्यक प्रशिक्षार्थी संख्या : १५ जना,

न्युनतम शैक्षिक योग्यता: १० कक्षा उत्तिर्ण, उमेर: १८ वर्ष पुरा भइ २५ वर्ष ननाघेको र शारीरिक रुपमा स्वस्थ, तन्दुरुस्त हुनुपर्नेछ।

⇨ व्यावहारिक तालिम (Internship) का लागि समुह बनाई काठमाण्डौं उपत्यकाका रेष्टुरेण्ट तथा वारहरुमा पठाइनेछ।

⇨ तालिममा सफल हुने ८०% प्रशिक्षार्थीहरुलाई यस रेवानमा आवद्ध रेष्टुरेण्ट तथा वारहरुमा रोजगारीको अवसर प्रदान गरिनेछ।

● **आवेदन बुझाउने अन्तिम मिति : २०७४ चैत्र १४ गते**

आवेदनको साथमा नागरिकता र शैक्षिक योग्यताको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साईजको फोटो तथा बायोडाटा समेत पेश गर्नुपर्नेछ।

आवेदन दिने स्थान :

⇨ **रोजगार सूचना केन्द्र, श्रम कार्यालय (बागमती अञ्चल), टेकु, काठमाडौं**
फोन नं.: ०१-४२४२१३८, इमेल: esckathmandu@gmail.com

⇨ **रोजगार सूचना केन्द्र, श्रम कार्यालय (गण्डकी अञ्चल), पोखरा**
फोन नं.: ०६१-५३५८४४, इमेल: pokharaesc@gmail.com

थप जानकारीको लागि: रेवान केन्द्रिय कार्यालय, गैरीधारा, काठमाण्डौं, फोन नं. ०१-४००४१४१, ९८५१११८५०६

तालिम छनौट, संचालन र अन्य शर्त सम्बन्धि सम्पूर्ण अधिकार रेवानमा निहित हुनेछ।

सूचना प्रकाशन मिति : २०७४/१२/०७ गते

STUDY IN USA



SCHOLARSHIPS
$5,000 TO FULL TUITION IN UG PROGRAM

-APP DEADLINE IS MARCH 31 FOR AUGUST 2018 INTAKE
- HIGH PROFILE UNIVERSITIES WITH THE BEST LOCATION
- FOR FULL TUITION SCHOLARSHIP: SAT I:1410 WITH GPA 3.7 IN ACADEMIC IS REQUIRED
- FOR OTHER GOOD AMOUNT OF SCHOLARSHIPS, $25,300 OUT OF TUITION FEE $30,600 GPA ABOVE 3.3 IS REQUIRED.

20% FEE WAIVED ON TOEFL/SAT CLASSES

EMINENT EDUCATIONAL INSTITUTE
PUTALISADAK, KATHMANDU
TEL:4252892/4266321
www.eminentedu.com

शिक्षक लाइसेन्स परीक्षा अब विषयगत रूपमा

काठमाडौं (कास)- शिक्षक सेवा आयोगले शिक्षण अनुमतिपत्र (लाइसेन्स) को आगामी परीक्षा विषयगत रूपमा लिने गरी तयारी अघि बढाएको छ। निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकले उक्त परीक्षा उत्तीर्ण गरेर विषयगत रूपमा लाइसेन्स पाउनेछन्। त्यसैका आधारमा उनीहरूले अध्यापन गराउन पाउनेछन्।

आयोगका प्रशासकीय अधिकृत तथा सहसचिव तुलसीप्रसाद थपलियाले विषयगत रूपमा अनुमतिपत्रको परीक्षाका लागि पाठ्यक्रम बन्ने क्रममा रहेको जानकारी दिए। 'यसअघि एउटै पाठ्यक्रमका आधारमा परीक्षा हुन्थ्यो, सबै शिक्षकले समान खाले लाइसेन्स पाउँथे,' उनले भने, 'आगामी दिनमा विषयगत रूपमा परीक्षा लिई उत्तीर्णलाई लाइसेन्स दिने व्यवस्था गर्न लागिएको छ।'

अब लाइसेन्स दिँदा नै विज्ञताको परीक्षण गर्न लागिएको हो। थपलियाले भने, 'पाठ्यक्रम बनिसकेको छ, स्वीकृतिको चरणमा छ, लगत्तै कार्यान्वयनमा आउँछ।' विषयगत शिक्षण अनुमतिपत्र दिने काम वर्ष दिनभित्र हुने उनले बताए।

विद्यालय तह (१-१२) मा अध्यापन गराइरहेका शिक्षकहरूको पनि विषय विज्ञता परीक्षण गर्ने अवधारणा त्याउने प्रारम्भिक तयारी पनि आयोगले थालेको छ। शिक्षकहरूको विज्ञता परीक्षण गर्ने अवधारणा अघि सारिएको प्रशासकीय अधिकृत थपलियाले बताए। 'विज्ञताको प्रमाणपत्र लिन चाहने शिक्षकका लागि परीक्षा दिन हरेक वर्ष आयोगले आह्वान गर्छ,' उनले भने, 'इच्छुक शिक्षकले परीक्षा दिएर विषय विज्ञताको प्रमाणपत्र लिन सक्छन्।'

प्रमाणपत्र पाएका शिक्षकलाई शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, शिक्षक सेवा आयोगलगायत निकायले विज्ञका रूपमा प्रयोग गर्न सक्नेछन्। पाठ्यक्रम बनाउने, पाठ्यपुस्तक छाप्ने, प्रश्नपत्र बनाउने, तालिम चलाउने काम चिनेजानेका, नाम चलेका र पहुँचवाला व्यक्तिलाई दिने गरिएको छ। 'कानुन क्षेत्रमा अधिवक्ताको लाइसेन्स दिएजस्तै शिक्षा क्षेत्रमा पनि विज्ञ जनशक्ति छनोट गर्ने आयोगको सोच हो,' उनले भने। आयोगले लिने परीक्षा उत्तीर्ण गरेका शिक्षकमात्रै विज्ञको सूचीमा सूचीकृत हुनेछन्। विज्ञ जनशक्ति उत्पादन गरेर शैक्षिक क्षेत्रलाई अझै सुधार गरिने आयोगको भनाइ छ।

VACANCY ANNOUNCEMENT

Strengthening Systems for Better Health

USAID's Strengthening Systems for Better Health Activity is a 5-year project aimed at improving health outcomes in Nepal, particularly for the most marginalized and disadvantaged groups in the country. This will be accomplished through supporting the Government of Nepal's efforts to expand access to and use of quality maternal, newborn and child health and family planning services, with a specific focus on newborn care. Strengthening Systems for Better Health was initiated in January 2018 and will achieve three outcomes:
(i) improving access to and utilization of equitable healthcare services,
(ii) improving the quality of health services at facility and community levels and
(iii) improving health system governance, within the context of federalism.
The Activity will be implemented in close collaboration with the Ministry of Health, the Ministry of Federal Affairs and Local Development, provincial and municipal governments, facility and community level health service providers and other key stakeholders. Selected consultants will engage in targeted municipalities in the areas of Humla, Dolpa, Mugu, Jumla and Rukum West in Karnali Province.

Consultants – Planning and Budgeting

Location: Humla (1), Dolpa (1), Mugu/Jumla (1), Rukum - West (1)

Period of Performance: Three months (Mid-April to Mid-July)

The Consultants will work with the District Health Offices (DHOs), or their equivalent in new federal structure, selected Municipality officials, District Coordination Committees (DCCs), and Karnali Province's Social Development Ministry to assist in preparation of Annual Workplans and Budgets for FY 2018/19 (Nepali FY 2075/76) for the targeted municipalities. The Workplans and budgets will be prepared in accordance with the guideline of Ministry of Federal Affairs and Local Development (MOFALD) and Ministry of Health and Population (MOHP). In addition, the consultants will provide technical support to municipalities for preparation of Municipal Health Situation Analysis Reports, if required.

Consultants will be directly accountable to the Deputy Chief of Party for the duration of the assignment.

Key Responsibilities and Activities

- Provide technical, logistical and other administrative support to selected municipalities to prepare their Annual Workplans and Budgets, based on review of health and other sociodemographic information and by utilizing tools and guidelines prepared by MOFALD and MOH.
- Coordinate closely with the DHO, DDC, Social Development Ministry and other authorities to help prepare these workplans and budgets on timely basis and per the requirements.
- Support selected municipalities to enter the workplan and budget in electronic Workplan and Budget System (eAWPB) and to build their capacity to monitor their expenditure through Transactional Accounting and Budget Control System (TABUCS).
- Document and prepare necessary reports of project activities and periodically update the project team on accomplishments & lessons learned.
- Assist with the planning of project meetings, training sessions and consultations, as needed and assigned.
- Make logistical arrangements for project team travelling to their assigned municipalities, as needed.

Skills Pre-requisites:

- Graduate Degree in Public Health, Health Administration, or other relevant field.
- At least six years of related professional experience.
- Understanding of Government of Nepal's planning and budgeting process, including in context of federalism and previous experience in supporting preparation of annual work plan and budget for District Health Offices and/or Municipalities.
- Ability to travel in remote areas of assigned districts within short notice; those who are from and/or working in the Karnali Province will be given preference.
- Strong networking and computer proficiency skills
- Excellent written/oral skills in Nepali and English

For Details & To Apply
Log on to **www.merojob.com/SSBH** and click **'Apply Now'** icon below the respective job. The deadline for application is **Wednesday, March 28, 2018.**

merojob AIM HIGHER

Vacancy Announcement of Hongshi Shivam Cement

HONGSHIVAM

-A JV jointed invested by Hongshi Group of China and Shivam Cement of Nepal.
- The largest cement project, and the biggest FDI in Nepal.
- Company estabmished in Sep.2015, construction initiated in 2017, production planned in May 2018.

Electrician Vacancy-20; Age-below 40; Gender-Male; Starting with 30000NPR before tax

Respobsibility includes but not limited to: Daily petrolling inspection, maintenance and reparing of electricial equipment in production workshop
Qualification: Electrical technician major with vocational degree at least; capable in English communication; hardworking and proactive; obey the management rules;

Mechanics Vacancy-20; Age-below 40; Gender-Male; Starting with 30000NPR before tax

Respobsibility includes but not limited to: Professional inspection, maintenance and reparing of production equipment
Qualification: SLC degree and above, capable in English communication; experienced in welding and gas cutting; prior consideration for candidates with experience in similar position, lathe and drill press processing; hardworking and proactive; obey the management rules of the Company

Lab Quality Inspector Vacancy-10; Age-below 30; Gender-Male/Female; Starting with 25000NPR before tax

Respobsibility includes but not limited to: Sampling, inspection, and analysis of the quality of raw material and fuel, semi-product, finished product
Qualification: Chemical and material professions in vocational shcool; candidates with expeirence in similar position will be considered despite of the major and edu level; fluent in English writing and speaking; hardworking and proactive; obey the management rules of the Company; accept night shift

Equipment Operation Maintainer Vacancy-50; Age-below 30; Gender-Male; Starting with 25000NPR before tax

Respobsibility includes but not limited to: Daily inspection, maintenance of the equipment in production workshop, cleaning of all equipment and yard within the production area, and handlidng of problems incurred during production.
Qualification: SLC and above; capable in English communication; prior consideration of candidates with experience in similar position in manufacturing company; hardworking and proactive; obey the management rules of the Company; accept night shift

Nepalese Translator Vacancy-10; Age-below 40; Gender-Male; Starting with 35000NPR before tax

Respobsibility includes but not limited to: Communication assistance and translation within the department, assistance to the head of department in production statement, and other daily management work.
Qualification: College level and above; no major limitation; fluent in Englsih writing and speaking; fluent in Chinese speaking, Chinese basic writing; edu level conditions coule be waived for specially excellent candidates; hardworking and proactive; obey the management rules of the Company

Accountant Vacancy-2; Age-below 40; Gender-Male/Female; 20000-50000NPR before tax

Respobsibility includes but not limited to: Keeping accurate records for all transactions; updating internal systems with financial data; reparing monthly, quarterly and annual financial reports; reviewing and implementing financial policies
Qualification: Bachelor; experience of 3 years and above; skilled in L/C documentation and reconciliation; good knowledge of LC, DAA, TT, and its relevant accounting and capitalization work, etc.; minimum 3-5 years of proven continuous service in accounts and finance

Other Major Benefits Including but not limited to:
1. Monthly food subsidy of 5500NPR; free flat for non-local staff (double bed room);
2. Once probation end and accessment passed for offical employment, 10%-50% of salary increment on the basic salary within one year;
3. Vast career development for every staff; by work performance accessment yearly, excellent staff wil be adjusted to higher position with higher salary and benefit;
4. Accumulative of 9 days holiday for working continuously three months; Holiday as per the regulated public holiday of Nepal.
5. Provident Fund benefit for official employment; Annual bonus of extra 1-3 months salary by the year end.

Important Notice for Applicants:
1. Please send the CV under the subject of "Name-Position-Age-Gender", for example, if Suam would like to apply for Equipment Operation Maintainer, email subject shall be"Suman-Equipment Operation Maintainer-29-male";
2. CV shall be sent to" zhk-nepal@hongshigroup.com"; Kathmandu-01-4415611(Preeti Lohani); Factory Office 07-8505017 (Rupak);
3. Interview location are Kathmandu Office, and Plant Site at Sarde, Nawalparasi (please specify the interview location in the CV);
4. Interview time will be notified through SMS and phone call. Please bring certification of citizenship, education and skills;
5. Application deadline is 1st May 2018.

सेनाले छाड्यो सिँचाइ कार्यालय

बर्दिया (कास)- नेपाली सेनाले प्रयोग गरिरहेको यहाँस्थित सिँचाइ कार्यालय १५ वर्षपछि खाली गरेको छ। सशस्त्र द्वन्द्वका बेला सेना सिँचाइमा सरेको थियो। अहिले त्यहाँबाट गुलरिया ४ तुलापुरमा रहेको आफ्नै जमिनमा सरेको छ। यसअघि तुलापुरको जमिन भूमिहीनका नाममा अतिक्रमण गरिएको थियो।

अतिक्रमित जमिन खाली गर्न गुलरिया नगरपालिकाले सूचना टाँसेरै अनुरोध गरेको थियो। नगर प्रमुख मुक्तिनाथ यादवले यहाँ बसिरहेका सर्वसाधारणलाई अन्यत्र ऐलानी जमिनको व्यवस्था मिलाएको बताए। सेनाको जमिन अतिक्रमण गरी ३४ घर-परिवार बस्दै आएका थिए। जमिन गुलरिया ४ मा रहेको भैरवप्रसाद गणको गुल्मका नाममा दर्ता छ। गुल्मलाई सेनाको मुख्यालयले फागुन २९ भित्र त्यस ठाउँमा ब्यारेक बनाई स्थानान्तरण गर्नुपर्ने निर्देशन दिएको थियो। राज्यले ०६० मा गुल्मका नाममा जग्गाधनी पुर्जा दिएको थियो। प्रजिअ नारायणप्रसाद भट्टराईले सिँचाइ कार्यालयमा रहेको सेना आफ्नै जमिनमा गएको बताए।



मकवानपुरको सिस्नेरी दोभानमा सेतो फिँजसहितको वाग्मती नदी । राजधानीदेखि नै ढललगायत विभिन्न किसिमका रासायनिक पदार्थ मिसाइँदा वाग्मती प्रदूषित बनेको छ । *तस्बिर : प्रताप विष्ट*

हुलाकी सडक शिलान्यास

■ भरत जर्घामगर

सिरहा- पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले वर्तमान सरकारले आगामी १० वर्षभित्र मुलुकको आर्थिक मानचित्र बदलिने गरी काम गर्ने बताएका छन् ।

हुलाकी सडकअन्तर्गत सिरहा खण्डको जिरो प्वाइन्ट मानिने बरियारपट्टीमा मंगलबार शिलान्यास गर्दै उनले दुई तिहाई बहुमतसहितको सरकारले आर्थिक क्रान्तिमार्फत सिंगो मुलुकको समृद्धि र विकासले आर्थिक मानचित्र बदल्ने दाबी गरे ।

'संविधान कार्यान्वयनअन्तर्गत स्थानीय, प्रादेशिक र संघीय सरकार बनिसकेको सन्दर्भमा अब राजनीतिक नभई आर्थिक क्रान्तिका लागि काम गरिनेछ,' उनले भने, 'पूर्व-पश्चिम हुलाकी सडकलाई ४ लेनको बनाई मध्यपहाडी लोकमार्गसँग जोडेर मधेसको कायापलट गरिनेछ ।'

आफू दोस्रोपटक प्रधानमन्त्री बनेका बेला भएको भारत भ्रमणका क्रममा समकक्षीसँग वार्ता गरी अलपत्र परेको हुलाकी सडकको काम पुनः सुचारु गरेको उनको भनाइ छ । 'पछिल्लो निर्वाचनमा जनताले वाम गठबन्धनलाई बलियो बनाएका छन्, अब विकास र समृद्धि कुनै पनि बहानामा रोकिँदैन,' दाहालले भने ।

सिँचाइ, पूर्वाधारको विकास गरी समृद्ध मधेस बनाउन सुनकोसी-कमला डाइभर्सनको सर्वेको काम भइरहेको र वर्तमान सरकारले नै त्यसको कार्यान्वयन गर्ने बताए । 'अब राजनीतिक लडाइँ पुग्यो,' उनले भने, 'राजनीतिक झगडा, राजनीतिक क्रान्ति होइन आर्थिक क्रान्ति गरौं ।' विकासमा मधेस पछाडि पर्नुमा राजनीतिक झगडा कारक रहेकै कारण कतिपय विकासका बजेट फ्रिज हुने गरेको उनले बताए । विकास निर्माणमा मधेसी जनतालाई राजनीतिक झगडा त्यागेर अघि बढ्न आग्रह पनि गरे ।



पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल मंगलबार हुलाकी सडकअन्तर्गत सिरहा खण्डको जिरो प्वाइन्ट मानिने बरियारपट्टीमा शिलान्यास गर्दै । *तस्बिर : भरत जर्घामगर*

समयमै हुलाकी मार्ग निर्माण हुने प्रतिबद्धता जनाउँदै दाहालले भने, 'ठेक्कापट्टामा हुने ढिलासुस्ती, भ्रष्टाचार कमिसनखोर अब चल्ने छैन, वाम गठबन्धनलाई जनताले बलियो हात बनाएर सिंहदरबार पठाएका छन् सुशासनका कुनै कसर राखिँदैन ।'

संविधान संशोधनका सन्दर्भमा उनले मधेसको पहिचान, आत्मसम्मान, सामाजिक न्यायका लागि असन्तुष्ट दलहरूसँग वार्ता चलिरहेको बताए । चाँडै सहमति गरी प्रदेश २ सहित सिंगो मुलुकको समृद्धिका लागि सबै दल जुट्ने उनको दाबी थियो । तिब्बतसँग जोडिएको केरुङ-काठमाडौं-लुम्बिनी-जनकपुरलाई जोड्ने रेलमार्ग निर्माण गर्दै धार्मिक पर्यटकीय क्षेत्रको विकास गरी लाखौं पर्यटक भित्र्याएर समृद्ध मधेस बनाउन आफ्नो प्रयास रहने उनले बताए ।

उनीहरू सबै बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म व्यस्त रहन्छन् । जनप्रतिनिधि, विज्ञ र पूर्वमन्त्री एउटै हलमा जुट्नुको कारण हो, सिस्ने गाउँपालिकाको समग्र विकास गर्ने सोच बनाउनु । आगामी २० वर्षभित्र सिस्नेको समग्र विकासका लागि के-के गर्न सकिन्छ भन्ने छलफल गराउने उद्देश्यले पालिकाले जनप्रतिनिधि, विषय विज्ञ र पूर्वमन्त्रीलाई रुकुमकोट बोलाएको हो । भौगोलिक विकटता, पर्याप्त बजेट अभावलगायत चुनौतीबीच गाउँपालिकाको समग्र विकासका लागि गुरुयोजना बनाउन उनीहरू लागिरहेका हुन् । कार्यपालिका सदस्य र वडाध्यक्षहरूले वडाको हालको अवस्था र अब गर्न सकिने अवस्थाबारे जानकारी गराइरहेका छन् । भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, प्राकृतिक स्रोत, पर्यटन, स्वरोजगारलगायत वडाको हालको अवस्थाबारे आफूहरूले गुरुयोजना निर्माण क्रममा प्रस्ट्याएको वडा २ का अध्यक्ष केसीले बताए । उनले सबैतिर एकैपटक र समान विकास होस् भनेर गुरुयोजना नै बनाएर जान लागेको बताए ।

'समस्या र चुनौती सबैतिर छन्,' कार्यपालिका प्रवक्तासमेत रहेका केसीले भने, 'थोरै बजेटबाट धेरै काम गर्नुपर्ने भएकाले गुरुयोजना निर्माणपछि प्राथमिकताका आधारमा काम गर्न सजिलो हुने विश्वास लिइएको छ ।'

गुरुयोजना बनाउन आयोजित कार्यशालामा सहभागी विज्ञले कार्यशालामा राखिएका समस्या, सम्भावना र चुनौतीलाई चिरेर विकास गर्न सकिने उपाय जानकारी गराइरहेका छन् । कार्यशाला सुरु भएकै दिनदेखि सहभागी पूर्वमन्त्री गणेशमान पुनले पालिकाको समग्र विकासका लागि यो सफलसिद्ध हुने विश्वास व्यक्त गरे । 'कहाँ, के र कसरी गर्ने भन्ने अन्योलतामा रहिरहनुभन्दा योजना बनाएर जाँदा राम्रो हुन्छ,' पुनले भने, 'गुरुयोजना निर्माणपछि सिस्नेको विकासले गति पकड्ला भन्ने विश्वासमा छु ।'

गाउँपालिकाले गुरुयोजना निर्माणका लागि कार्यशाला गर्ने बताएपछि विभिन्न विषयका विज्ञसहित आफू जिल्ला आएको उनले बताए ।

यसबाट गाउँपालिकाको विकास गर्नुपूर्वका मूल्यमान्यता तय गरिएको छ । आगामी आवदेखि सोही मान्यताका आधारमा विकास निर्माणका काम गरिनेछ । जारी कार्यशालाबाट योजनाका मूल्य, मान्यता र भू-उपयोगको मूल्य मान्यता तय गरिएको र अब त्यसैका आधारमा समग्र विकासका लागि कार्यक्रम बनाइने अध्यक्ष कुमारी बरालले बताइन् ।

चालू वर्षका लागि बजेट विनियोजन र कार्यक्रम बनाउँदा हतारहतार गरिएकाले अबदेखि निर्माण चरणमा रहेको गुरुयोजनाकै आधारमा कार्यक्रम बनाइने तथा बजेट विनियोजन गरिने बरालको भनाइ छ ।

विकासका लागि अलमलमा रहनुभन्दा विज्ञसहित सबैको रायबाट तय गरिएको गुरुयोजनामार्फत बनाइएको कार्यक्रम कार्यान्वन गर्दा जनतालाई विकासको महसुस गराउन सकिने विश्वास उनले बताइन् । 'अबका केही वर्ष कहाँ, के र कसरी गर्ने भन्ने अन्योलता हुने छैन,' अध्यक्षले भनिन्, 'बन्दै गरेको गुरुयोजनाले सबै कुरा प्राथिमकताको आधारमा तय गर्नेछ काम पनि त्यसैअनुसार धमाधम हुनेछन् ।'

कार्यशालापछि विज्ञ टोलीले उक्त गुरुयोजनालाई रूपरेखामा ढाल्ने र फेरि छलफल गरेर अन्तिम रूप दिइनेछ ।

आगामी वर्षको बजेट निर्माण र कार्यक्रम तय गर्नुपूर्व नै गुरुयोजनालाई अन्तिम रूप दिने अध्यक्ष बरालले बताइन् ।

खजुराका अभिभावकमा शिक्षा मोह

घरमै पढाइ केन्द्र



स्थानीयले दिएको घरमा बिदाका बेला पढ्दै बालबालिका । *तस्बिर : ठाकुरसिंह थारू*

■ कान्तिपुर संवाददाता

नेपालगन्ज- सार्वजनिक कामका लागि सरकारको मुख ताक्ने प्रवृत्तिलाई चिर्दै खजुरा गाउँपालिका ४ एफगाउँका अभिभावकले शिक्षामा नमुना काम देखाएका छन् । जहाँ विद्यालय बिदाका बेला बालबालिकालाई जम्मा गरी खेल्दै पढाउने गरिएको छ । यसले बालबालिकाको पढाइमा सुधार ल्याउनुका साथै अभिभावकलाई शिक्षाप्रति अपनत्व बोध गराएको छ । स्थानीय ऋषिराम वली संयोजकत्वमा गठित हीरा टोल पढाइ समितिमा आबद्ध अभिभावक यसका लागि आफै लागेका हुन् । विद्यालय बिदाका बेला बालबालिका पढाइभन्दा पनि खेल्न मन पराउने गरेका कारण सिकेका सबै बिर्सिन सक्छन् । त्यसैले विद्यालय बिदा हुने दिनमा पनि पढ्ने व्यवस्था त्यहाँका अभिभावकले मिलाएका हुन् । बिदाका बेला बालबालिकालाई पढाउन तालिमप्राप्त शिक्षकको व्यवस्था मिलाइएको छ । शनिबार र लामो बिदा भएका बेला टोलका बालबालिकालाई टोलमै पढाउने गरिएको छ । 'खेलेर पढ्न पाउँदा बालबालिका रमाउँछन् । पढेका कुराहरू स्मरण गर्न सहज हुन्छ,' शिक्षिका पूर्णकला खत्री भन्छिन्, 'यो विधिको प्रयोगले बालबालिकाको पढाइमा सुधार आएको छ ।'

सामुदायिक विद्यालयमा पढ्ने बाल शिक्षादेखि ३ कक्षासम्मका बालबालिकाको पढाइ कमजोर देखिएपछि सरकारले प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालन गरेको हो । उक्त सरकारी कार्यक्रमलाई खजुराका अभिभावकले आफ्नो मान्दै कार्यान्वयनमा जुटेका छन् । खजुरा गाउँपालिका उपप्रमुख एकमाया विकले एफगाउँका अभिभावकले आफ्ना बाबुनानीलाई पढाउन आफैं घरको व्यवस्थापन गरेको देख्दा खुसी लागेको बताइन् । 'यो ठूलो विकास हो । अभिभावकमा शिक्षाप्रति मोह देखिनु सकारात्मक हो,' टोल पढाइ समूहको अनुगमनपछि उनले भनिन्, 'अभिभावक आफैं लाग्ने हो भने सामुदायिक विद्यालयले पनि ठूलो फड्को मार्न सक्छ ।'

लामो बिदामा बालबालिका बढी खेल्ने र पढेका कुरा बिर्सिन सक्ने भन्दै टोल पढाइ समितिले उनीहरूका लागि पढ्ने व्यवस्था मिलाएका छन् । विद्यालय बिदाका दिन दैनिक डेढ घण्टा खेलाएर, कथा सुनाएर पढाइन्छ । खेल्न र कथा सुन्दै पढ्न पाउँदा बालबालिका रमाउँछन् । यसले उनीहरूलाई पढाइसँग जोड्न सहयोग गरेको छ । अभिभावक आफ्ना बालबालिकालाई टोल पढाइ सेन्टरमा पुऱ्याउँछन्, तालिम प्राप्त शिक्षकले अक्षर लेखाउनेदेखि कथा सुनाउँछन् । खजुरा गाउँपालिका प्रमुख किस्मतकुमार कक्षपतिले प्रारम्भिक कक्षा पढाइ प्रभावकारी रहेको बताए । उनले त्यसका लागि गाउँपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाइए । 'यो कार्यक्रमको प्रभावकारिता बढाउन निरन्तर अनुगमन आवश्यक छ,' उनले भने । खजुरा गाउँपालिका प्रमुख/उपप्रमुखले बिहीबार खजुरा क्षेत्रका विद्यालयका प्रारम्भिक शिक्षा कार्यक्र अनुगमन गरेका छन् ।

बाँकेमा ३ सय ६० सरकारी विद्यालय तथा मदरसा छन् । उक्त क्षेत्रभित्रका बालबालिकालाई लक्षित गरी ६ सय ७८ टोल पढाइ समूह गठन भएका छन् । समूहमा स्थानीय अभिभावक छन् । उनीहरूले स्थानीय बालबालिकालाई बिदाका बेला पढ्ने व्यवस्था मिलाएका छन् । प्रारम्भिक कक्षा पढाइ कार्यक्रम हेर्दै आएकी माया चौधरीले टोल पढाइ समूहले आफ्नै मातृ भाषामा बालबालिकालाई पढाउन सक्ने बताइन् । त्यसका लागि उनीहरूले आफैं पाठ्यक्रमसमेत बनाउन सक्छन् ।

जथाभावी सडकले पहिरोको जोखिम



पीडा सुनाउँदै नौबहिनी गाउँपालिका ८ फोप्लीका पहिरोपीडित । *तस्बिर : गिरुप्रसाद*

झन्डै एक जहार परिवार बाढीपहिरो प्रभावित

■ गिरुप्रसाद भण्डारी

नौबहिनी (प्यूठान)- लुङखोला क्षेत्रका फोप्ली, लुङ, खवाङ, स्याउलीवाङ, लिघामा २ वर्षअघिको पहिरो र बाढीको त्रास स्थानीयले अझै भुलेका छैनन् । बोल्ने अवसर मिल्यो कि उनीहरू पहिरोको जोखिम कम गर्न राज्यले पहिल नगरेको गुनासो गरिहाल्छन् ।

पहिरो र बाढीपछि नौबहिनीको मुख्य केन्द्र बाहाने बजारमै तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल आएर गरेको बाचा पूरा नगरेको उनीहरूले धेरैपटक गुनासो गरेका छन् । सोमबार लुङ, बाहानेस्थित कृषि सेवा केन्द्र हलमा गरिएको कार्यक्रमका सहभागीले यस्तै गुनासो दोहोऱ्याए । ०७२ साउन १० र ११ मा आएको बाढीले लुङखोला क्षेत्रका दर्जनौं बस्ती उठिवास गराएको थियो । कम्तीमा तीन दर्जन स्थानीयले पहिरोमा परी ज्यान गुमाएका थिए । पहाडमा डाँडा धुजाधुजा भए । खोला किनारमा बस्तीमा बाढी पसेर करोडौं नोक्सानी गऱ्यो । झन्डै हजार परिवार पहिरो र बाढीबाट प्रभावित बने । पहिरो जानुअघि यस क्षेत्र जिल्लामै धेरै नेता जन्माउने, बेलायती र भारतीय पूर्वसैनिक बसोबास भएको सुन्दर बस्ती, मकै, कोदो, राम्रो उत्पादन हुने रसिलो क्षेत्र मानिन्थ्यो । पहिरो गएको वर्षदेखि बस्ती उजाड छ । बर्खामा पहिरोले बगाउने हो कि भन्ने डरले स्थानीयको मनमा चैन छैन । जोखिमै रहेका क्षेत्रमा बसोबास भएकाले गाउँले अझै त्रसित छन् । चर्केको जमिनको घरमा धेरै गाउँले बसोबास गरिरहेका छन् । कयौं भएभरको जमिन पहिरोले बगाएर घरबासविहीन भएका छन् । गत चुनावमा नेताले बाढीपहिरोपीडितलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने भनेर भोट मागे । तर अहिले प्रदेश र केन्द्रमा निर्वाचित जनप्रतिनिधि फर्केर नआएको उनीहरूको दुखेसो छ । प्रधानमन्त्री नै आएर भूकम्पपीडितसरह राहत दिने बाचा पूरा गर्नमा पहल नगर्ने नेताप्रति 'रीस' उठ्न थालेको यहाँका पीडितले बताए ।

पहिरोले बाह्रैमहिना गिट्टी फोरेर खाने भए,' नौबहिनी गाउँपालिका ६ बहानेका लक्ष्मण रिजालले फाटेको कपडा देखाउँदै आक्रोश पोखे 'घ्यू खानेको छोरा परिस्थितिले च्याउ खाने भइयो ।' उनले माओवादी केन्द्रका अध्यक्षसमेत रहेका दाहालले जनतासँग गरेका बाचा पूरा गर्न जिल्लाका नेताले कुनै पहल नलिएको पीडितको गुनासो छ । घरमाथिबाट खनिएको सडकका कारण आफूहरूको उठिवास भएको रिजालले बताए । उनको खनजोत गर्ने जग्गा सबै पहिरोले बगाउँदा जीवन गुजारा गर्न निकै समस्या भएको बताए । गाउँमा जथाभावी खनिएको सडकका कारण दर्जनौं बस्ती जोखिममा रहेको नौबहिनी ४ खबाडका रेगमबहादुर थापा बताउँछन् । 'भौतिक पूर्वाधार निर्माण गर्दा सबै क्षेत्रको समन्वयमा गर्नुपर्ने हो,' थापाले भने, 'हाम्रोमा त्यसो गरिँदैन । सडकका कारण पानीका मुहानसमेत सुक्न थालेका छन् ।' उनले पहिले चर्केका जमिनमै ठूला डोजर, एक्साभेटर प्रयोग गरी सडक खन्दा यसपालि बर्खामा अझ जोखिम बढेको बताए ।

'सडक खनेर निस्केको माटो जथाभावी फालिएको छ,' थापाले भने, 'भिरालो जमिनमा थोरै पानी पर्नासाथ ठाडोखोला जोडतोडले माटोसहित बग्छ ।' उनले पहिरो गएको केही सयमसम्म सरकारले भूगर्भविद् पठाएर प्रभावित क्षेत्रमा अध्ययन गर्ने बताए पनि अझै कोही भूगर्भविद् गाउँ नआएको बताए ।

गाउँपालिकाले २ लाख रुपैयाँ घर निर्माण गर्नका लागि दिने भने पनि ठाउँ नभएकाले निर्माण गर्न नसकेको नौबहिनी ८ की पीडित गोमा पोखेलले बताइन् । 'घरमाथिबाट आएको पहिरोले सबै जमिन पुरेको छ,' पोखेलले भनिन्, 'आफ्नो जमिन कतै सुरक्षित छैन । कहाँ घर बनाउनु ?' उनले पहिरोमा परी सासू/ससुरा गुमाउन परेको बताइन् । पहिरो गएपछि विस्थापित भएको र अझै घरमा फर्कन सकेका छैनन् ।

झरही किनार आध्यात्मिक मार्ग

■ कान्तिपुर संवाददाता

परासी- रामग्राम नगरपालिकाको झरही खोला किनार दुर्गन्धित बन्दै गएको छ । खोला किनारमा फोहोर र दिसापिसावको गन्धले नाक छोपेर हिँड्नुपर्ने अवस्था छ । अब भने नदी किनारमा फोहोर फाल्न पाइने छैन । दुगर्न्धसमेत हटाउने योजनामा नगरपालिका लागिपरेको छ । जनप्रतिनिधिको पहलमा नगरभित्र रहेका खोला किनार तथा ताल तलैयाको किनारलाई आध्यात्मिक मार्गका रुपमा विकास गर्ने योजना ल्याएपछि नगरभित्रका खोला तथा तालतलैयाको वैज्ञानिक व्यवस्थापन हुन लागेको हो ।

सार्वजनिक जग्गाको अभावमा उद्यान तथा बिहानबेलुका हिँडडुल तथा कसरतका लागि उपयुक्त स्थान छैन । खाली जग्गा खोज्दै नदी किनारमा जाँदा दुर्गन्धले बस्न नसक्ने भएको स्थानीय धीरेन्द्र कुशवाहले गुनासो गरे । 'खाली रहेका खोला किनारलाई व्यस्थित गर्नेतर्फ लाग्ने हो भने सुन्दर उद्यान निर्माण हुन सक्छ ,' उनले भने, 'जहाँ साँझ-बिहान मानिस रमाउन सकून् अनि बिदाको दिन परिवारसहित रमाउन सक्छन् ।' खेर गइरहेका जमिनलाई सदुपयोग गरेर वातावरणीय रुपमा रमणीय बनाउन स्थानीय सरकारको ध्यान जानुपर्छ ।' अधिकांश मानिससरह मर्निङ वाकका लागि हिँड्ने गरे पनि खुला स्थान अभावमा सडक पेटीमै हिँड्नुपरेको छ ।

नगरलाई वातावरणमैत्री बनाउने र खोला किनारमा फोहोर फाल्ने प्रवृत्ति रोक्न रामग्राम नगरपालिकाले नगरभित्रका नदीलाई गहिराइ बढाउने, वरपर पक्की तटबन्ध गर्ने र किनारमा सुन्दर फूलबारीसहितको आध्यात्मिक मार्ग निर्माण गर्ने योजना बनाएर दाता खोजिरहेको छ । खोला किनारलाई व्यवस्थित गर्दा वर्षायामको बाढीले बस्ती डुबाउने र कटानसमेत कम हुने भएकाले यो योजनालाई प्राथमिकतामा राखेर काम अघि बढाउन लागिएको हो ।

नगर प्रमुख नरेन्द्रकुमार गुप्ताका अनुसार बढ्दो जनसंख्या, अव्यवस्थित बसोबास र प्रदूषण बढिरहेकाले अधिकांश स्थानीयले आकर्षक अनि नदी किनारको सुन्दर वातावरण खोज्न थालेका छन् । 'हाम्रो योजना सुन्दर अनि हरियाली नगर हो, सोहीअनुसार खेर गइरहेको नदी किनारलाई व्यवस्थित गरेर ध्यान बस्न मिल्ने, कसरत गर्ने र अध्ययन गर्न शान्त वातावरणसहितको आध्यात्मिक मार्ग सबैमा लागिपरेका छौं,' गुप्ताले भने, 'नगरको मात्र बजेटले काम पूरा नहुने भएकाले विश्व बैंक तथा दातृ निकायमा बजेटका लागि पहल भइरहेको छ ।' गौतम बुद्धको अस्तु धातु रहेको रामग्राम स्तुप भएर बग्ने झरही खोलालाई पहिलोपटक आध्यात्मिक मार्गका रूपमा विकास गर्ने लक्ष्य नगरको छ ।

आम्दानीको स्रोत हात्ती

■ कान्तिपुर संवाददाता

कपिलवस्तु- सीमावर्ती गाउँ ककरहवाका सलमान मुसलमानलाई हात्ती कसरी सिंगार्ने भन्ने सधैं पिरलो हुन्छ । सिंगारपटार नगरे गर्जो टर्दैन । त्यसैले मिहेनतले चिरिच्याट्ट बनाउँछन् । चम्पाकली हात्तीले गर्दा परिवारको अभाव टरेको छ । ५६ वर्षीय उनी जिल्ला र बाहिरका कार्यक्रममा जाँदा डेढ घण्टासम्म हात्ती सिंगार्छन् । त्यसका लागि उनले एक जना सहायक कर्मचारी पनि राखेका छन् ।

केही दिनअघि लुम्बिनीमा आयोजित एक कार्यक्रममा पुग्न उनी बिहान नहुँदै चम्पाकलीको स्याहारमा लागे । घाँसपात र पानी पिउन दिन्छन् । त्यसपछि कसरी सुन्दर बनाउने सिंगारपटारमा लागे । हात्तीमा बस्ने बोराको आसन दुईजना मिलेर राखे । उक्त आसनलाई मोटो डोरीले पेटमा बेरेर कसिलो गरी बाँधे । त्यसमाथि सितारालेउनेको चम्किलो कपडा राखे । कजेली कपडाले सजिएपछि राम्री देखिएकी थिई चम्पाकली । घाँटीमा घण्टी झुन्डयाएर बाँधेपछि अझ राम्री देखिई । त्यसपछि माउते चम्पाकलीलाई क्रिमपाउडर लगाउनेतिर लागे । टाउको र निधारमा तेल लगाएर पुछेर राम्रो देखिने बनाए । रंगीचंगी खरीले टाउको, मुख, निधार र सुँड सजाएर चिरिच्याट्ट बनाए । कान र पुच्छरमा पनि खरीले केरेर राम्रो बनाए । डेढ घण्टा सजाएका उनले घण्टा बढी त रंगीचंगी खरीले सजाउन लगाए । त्यसपछि भर्खरकी विवाहिता दुलहीजस्तै सिंगारिई चम्पाकली । कपडा र सिंगार पटारले राम्रो देखिकी उसले सबैलाई लोभ्याई । ऊसँग तस्बिर लिनेको भीड बढेको थियो । जति चिटिक्क सिंगारियो माउते मुसलमानले भने, कार्यक्रममा उत्ति बक्सिस पाइन्छ ।

हात्तीलाई ढोगेर पूजा गरी बक्सिस दिने बढी हुन्छन् । 'त्यही भएर सबै ज्ञान-सीप र क्षमता लगाएर सिंगार्ने प्रयास गर्छु' उनले भने, 'हात्तीकै कमाइबाट ६ जनाको परिवार पालेको छु ।' आफूले गरेको शृंगार देखेर धेरैले वहावाही गर्ने उनले बताए । 'डेढ दशक हात्तीकै माउते भएर बिताएँ,' उनले भने, 'त्यही भएर चम्पाकलीलाई छाड्नै मल लाग्दैन ।' हात्ती र माउतेलाई खानापानी र बक्सिस दिने धेरै भेटिन्छन् । हात्तीप्रतिको श्रद्धा र सम्मान बढ्दै गएको उनले बताए ।

यही कारण मुस्लिम भए पनि हिन्दु र बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्रलाई मनमा राखेर लिएर हिँडेको उनी सुनाउँछन् । हात्ती देख्दा सबै रमाउँछन् । असामान्य, ठूलो र अजङ्गको शरीरसहित हेर्न पाउँदा बालबालिकादेखि पाकासम्म रोमाञ्चित हुन्छन् । अझ हात्ती दुलहीजस्तो सजिएको देख्दा त सबैको मन लोभिन्छ । हिन्दु र बुद्ध धर्ममा हात्ती शुभमंगल मानिने हुँदा धार्मिक, शान्ति र शोभायात्रामा अगाडि राख्ने चलन छ । त्यही भएर कार्यक्रमलाई शोभायमान बनाउन हात्तीलाई दुलहीजस्तो चिटिक्क सिंगार्ने चलन छ ।

कानुन निर्माण पहिलो प्राथमिकता : सभामुख

कान्तिपुर संवाददाता

दाङ- संघीय संसद् सभामुख कृष्णबहादुर महराले प्रदेश र स्थानीय तहका लागि आवश्यक कानुन निर्माण पहिलो प्राथमिकता भएको बताएका छन् । 'स्थानीय तह र प्रदेशका कामकाज र भूमिकाबारे धेरै कानुन बन्न बाँकी छन्,' घोराही उपमहानगरपालिकाले मंगलबार गरेको स्वागत तथा बधाइ कार्यक्रममा बोल्दै महराले भने, 'प्रदेश संरचना अनुसार कामले गति लिन कानुन अभाव छ । त्यसैले पहिले कानुन बनाउने कुरामा हामी ध्यान दिँदैछौं ।'


प्रदेश र स्थानीय तहका अधिकार र कार्यक्षेत्रबारे अन्योल रहेको बताउँदै उनले कानुन निर्माणपछि स्पष्टता हुने जानकारी दिए । 'यही कारण कसले के गर्ने भन्ने अन्योल छ,' उनले भने, 'अब कानुन बनाएर कसले के भूमिका गर्ने भन्ने स्पष्ट हुन्छ । यसले काम गर्न पनि सहज हुन्छ ।' संघीय संसद्ले बनाउने कानुनले प्रदेश र स्थानीय तहलाई थप कानुन बनाएर काम गर्न सजिलो हुने उनले बताए । सभामुख बनेपछि पहिलोपटक गृहजिल्ला आएका महराले विकासका काममा सबै राजनीतिक दलका नेता एकजुट हुन आवश्यक भएको बताए । अब सभामुख भएपछि आफू स्वतन्त्र भूमिकामा रहेको र काम गर्दा पनि कुनै पनि राजनीतिक दलका नेताको रुपमा व्यवहार नगर्ने प्रतिबद्धता उनले व्यक्त गरे ।



दाङको घोराहीमा संघीय संसद्का सभामुख कृष्णबहादुर महरालाई स्वागत गरिँदै । *तस्विर : दुर्गालाल केसी*

'चुनाव लड्दा म एउटा दलको नेता थिएँ । मेरो राजनीतिक भूमिका थियो । अब म स्वतन्त्र र तटस्थ भूमिकामा छु,' उनले भने, 'म काम गर्दा पनि त्यही भूमिकामा रहनेछु । सबैको सल्लाह र सुझाव अनुसार काम गर्छु ।' अब छिट्टै जिल्लाका सबै जनप्रतिनिधिबीच बृहत् भेला गरेर विकासका मुद्दाबारे बहस गर्ने तयारी भइरहेको उनले जनाए । 'यो बजेट निर्माणको तयारी गर्ने समय हो । यति नै बेला सबैले पहल गर्नुपर्छ । सबै जनप्रतिनिधि विकासका लागि एकजुट भएर लाग्नुपर्छ,' उनले भने, 'हामी छिट्टै दाङमा जिल्लाका सबै जनप्रतिनिधिसँग छलफल गरी विकासका विषयवस्तुबारे छलफल गर्दैछौं । सबैको छलफलबाट मात्र उचित विकास हुनसक्छ ।'

'कृषि र पशुपालनबाट नगर विकास'



कमलप्रसाद भुसाल सन्धिखर्क नगरपालिका प्रमुख । विद्यार्थीकालदेखि राजनीतिमा सक्रिय भुसाल नेपाल तरूण दलको पूर्वकेन्द्रीय उपाध्यक्ष र कांग्रेस पूर्वजिल्ला सभापति हुन् । मुलुकमा सञ्चालन भएका परिवर्तनका आन्दोलनमा सक्रिय उनी जिल्ला विकास योजनाकारको रूपमा परिचित छन् । भुसालले सन्धिखर्क नगरपालिका प्रमुखका रूपमा कसरी काम गर्दैछन् त ? कान्तिपुरका *वीरेन्द्र केसी*ले गरेको कुराकानी :

प्रतिनिधिले देखिने काम गरेनन् भन्ने आरोप छ नि ?

हामीले देखिने गरी काम गरेनन् भन्ने कुरा म मान्दिनँ । मुलुकमा लामो समयपछि स्थानीय तह, प्रदेश र केन्द्र राष्ट्रियसभाको चुनाव सकिएको छ । हामी जनप्रतिनिधिको जिम्मेवारीमा आइसकेपछि धेरै काम गरेका छौं । नगरलाई उत्पादनमुखी कार्यक्रम अघि सारिएको छ । दूध, अण्डा, मासु, तरकारी, मसलाबालीलगायत उत्पादन वृद्धि गर्ने गरी काम थालिएको छ । नगरवासीका हरेक समस्यालाई विस्तारै हल गर्दै जाने प्रयासमा छौं ।

कस्ता-कस्ता योजना सञ्चालनमा छन् ?

पूर्वाधार विकास, बाटो, सडक निर्माण, खानेपानीलगायतका योजनाले मूर्तरूप लिँदैछन् । नमुना नगर बनाउने संकल्प अनुसार बजेट विनियोजन गरी नीतिगत रूपमा काम भइरहेको छ । स्थानीय सरकार पनि भएकाले कानुन बनाउने काममा दत्तचित्त छौं । नगरका धेरै ठाउँका सडक कालोपत्रे गर्ने, सन्धिखर्क शान्ति बगैंचा, बसपार्क, नरपानीको पर्यटकीय पिकनिक स्पटमा फ्रि वाइफाई व्यवस्था मिलाउने योजना छ । जिल्ला भित्रिएका पर्यटकलाई विभिन्न ठाउँ हेरेर मनोरञ्जन लिन भ्यू टावरहरूको स्थापना, पार्कको व्यवस्थापन गर्ने योजना छ । सदरमुकामको केन्द्रविन्दु शान्ति बगैंचालाई आधुनिकीकरण गरिँदैछ । यसैगरी हामी काम गर्दैछौं ।

अहिलेसम्म भएका मुख्य काम ?

हामीले विजय प्राप्त गरेपछि सन्धिखर्क नगरपालिकालाई समृद्ध बनाउने योजनासाथ काम थालिएको छ । नगरभित्र नक्सापास गर्ने पहिलो काम भयो । जसले नगरवासीलाई राहतको महसुस भएको छ । विकास भन्ने कुरा एकै रातमा हुँदैन धेरै नीति नियम कानुन बनाउनुपर्छ । समृद्ध नगरका योजना अघि सारिएको छ । सडक मर्मत सुधार, सीपमूलक तालिम, कृषिमा आधुनिकीकरण गर्न कृषि र पशुपालनसम्बन्धी तालिम, सन्धिखर्क बजार सरसफाइ, उद्यमशीलतासहित आयआर्जनका कार्यक्रम पनि सुरु भएका छन् ।

कृषि र पशुपालनको योजना के छ ?

कृषि र पशुपालनका विषयमा हामी गम्भीर भएर अघि बढेका छौं । कृषि र पशुपालनलाई व्यवसायीकरण गर्दै किसानलाई नगरबाट अनुदानसहितको प्राविधिक सहयोग उपलब्ध गराउने काम सुरु गरिएको छ । कृषकलाई व्यावसायी बनाउन भैंसी, गाई, बाख्रा, मौरी, कुखुरा, बंगुरपालनका लागि पकेट क्षेत्र घोषणा गरी दूध, मासु र तरकारीबाट आत्मनिर्भर बनाउने योजना अघि सारिएको छ ।

युवा पलायन घटाउने उपाय केही छ ?

विदेशिने युवाको संख्या धेरै छ । नगरक्षेत्रका केही बस्ती युवाविहीनजस्तै छन् । गाउँमा अहिले पनि वृद्धवृद्धा र महिला मात्रै देखिन्छ । विकासका लागि युवा अनिवार्य रूपमा प्राकृतिक स्रोत साधनका साथै ऊर्जाशील शक्ति हो । युवाशक्ति विभिन्न मुलुक पलायन हुँदा देशमा श्रम गर्ने कोही छैनन् । त्यो जनशक्ति फर्काउन हामीले विकास र उत्पादनमुखी काम गर्नुका साथै कृषि पर्यटन उद्योगधन्धा कलकारखाना सञ्चालन गर्ने सोच बनाएका छौं ।

चुनावका बाचा सबै पूरा होलान त ?

चुनावमा भोट माग्दा मैले नगरभित्रको विकास र समृद्धिका मुद्दा उठाएको थिए । घोषणा पत्र अनुसार काम पक्के हुन्छ । भौतिक, आर्थिक, सामाजिक रूपमा नगरको चौतर्फी विकासका लागि सहयोग पुऱ्याउने मेरो दायित्व हुनेछ । सन्धिखर्क नगरपालिकाको सबैभन्दा बढी विकास सम्भावना भएको नगर हो । विकासका पूर्वाधार शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, जलविद्युत्, खानेपानी, सिँचाइ सुविधा उपलब्ध गराउने गरी काम थालेको छु । त्यो मैले चुनावमा बोलेको बाचा हो । कृषि, पशुपालन पर्यटन, धार्मिक मठमन्दिरको विकास गर्दै विभिन्न ठाउँमा भ्यू टावर बनाउने, केबलकारको डिपिआर तयार गर्नेलगायतमा पनि मैले बोलेको छु । यी काम हुन्छन् ।

पर्यटनका पूर्वाधार बनाउने योजना के-के हुन् ?

नगरपालिकाभित्र धेरै पर्यटकीय संरचना छन् । अब पूर्वाधार बनाई पर्यटक आकर्षित गर्ने संरचना योजनाबद्ध ढंगले बनाइनेछ । चर्चित धार्मिक पर्यटकीय स्थल सुपादेउरालीमा धेरै तीर्थालु आएका छन् । सुपामा दर्शनपछि खाँचीकोट हुँदै अर्घा भगवती मन्दिर, सिद्धेश्वर शिवालय मन्दिर, चुत्रावेंसी र गोपेश्वर मन्दिर मथुराधामसम्म ल्याउन विभिन्न खालका विकासका डिपिआर तयार गरिरहेका छौं । शक्तिपीठमा पुग्न केबलकार, भ्यूटावर, शान्ति बगैंचा, लदाम बगैंचा, मथुरा बगैंचाको संरक्षण गर्दै व्यवस्थित गर्ने गरी आएका पर्यटकलाई एक दिन भए पनि बास बसाल्ने र नगरवासीलाई स्वरोजगार बनाउने काम भएको छ ।

फोहोर बढेकामा चिन्ता

पुरातत्त्वमा भविष्य खोज्दै तन्नेरी

रोल्पा (कास)- आन्तरिक पर्यटनको मुख्य स्थलका रुपमा रहेको रोल्पा सातदोबाटोमा फोहोर बढेर आउजाउ गर्ने समस्या परेको छ । सातदोबाटो पुग्ने मानिसले घरबाट लग्ने र स्थानीय होटलका खानेकुरा जथाभावी फ्याक्दा फोहोर बढेको हो । 'घरबाटै ल्याओस वा होटलको खान फोहर डाँडैमा पुऱ्याइन्छ,' थापा होटलका जंगबहादुर थापाले भने, 'पिकनिक' सकिएपछि खाद्य र अखाद्य वस्तुलाई जथाभावी फ्याँक्दा समस्या निम्त्याएको हो । यो कसलाई सुनाउने ?'

डाँडामा आउने विभिन्न समूह र तिनले ल्याउने खाद्यपदार्थ फोको बनाउने सामानसहित उब्रेको सामान चौरमै छाड्ने गर्दा दुर्गन्ध बढेको स्थानीयले बताए । त्यसबाट लाहालेक फोहर बन्दै गएको छ,' थापाले गुनासो पोखे । उनले नगरपालिकाले कम्तीमा फोहर व्यवस्थापन गर्ने मेसो मिलाईदिए राम्रो हुने बताए । वडा ३ बाट थापाकै कान्छा भाइ अध्यक्ष छन् । नगरपालिकाले बजार क्षेत्र नजिकैको डाँडामा डम्पिङ साइट बनाएकोमा स्थानीय भने आक्रोशित छन् । सातदोबाटोस्थित लाहालेकमा फोहोर जम्मा हुँदै गएपछि सातदोदाबाटोवासी चिन्तित बनेका हुन् । उक्त लेक रोल्पा नगरपालिका ३ मा पर्छ । स्थानीयले फोहर वृद्धि हुँदै गए बजारसमेत दुर्गन्धित हुने र वातावरणमै समस्या आउने खतरा बढेको छ ।

'किताबमा पढेका कुरा व्यवहारमा उतार्न पाउँदा निकै खुसी छु'

■ **मनोज पौडेल**

तिलौराकोट- उनी २५ वर्षकी भइन् । सानो फरुवाले दिनभर माटो खन्दै त्यसमा लुकेका र मिसिएका ससाना बस्तु जोगाउँछिन् । बर्दिया गेरुवा गाउँपालिकाकी कविता चौधरी पछिल्लो समय पुरातत्त्वबारे केही खोजिरहेको भेटिन्छन् । 'किताबमा पढेका कुरा व्यवहारमा उतार्न पाउँदा निकै खुसी छु,' कविताले भनिन्, 'आनन्द छुट्टै अनुभूति गरिरहेकी छु ।'

ललितपुरको कुमारीपाटीका प्रसन्न शाक्य पनि जमिन खन्दा पाइने ऐतिहासिक तथा पुरातात्त्विक वस्तु देखेर उत्साहित हुन्छन् । २६ वर्षका उनी विस्तारै खन्दै सामग्री खोज्दै, पाएकालाई सफा गरेर संग्रह गर्छन् । सकभर आफैले वस्तु पहिल्याउँछन् । सहकर्मीसँग पनि छलफल गरेर निर्क्योलमा जान्छन् । त्यसपछि त्यसलाई संरक्षण गर्नेतिर लाग्ने गरेको उनले सुनाए । यी पुरातत्त्व अध्ययनमा भविष्य खोजिरहेका तन्नेरी व्यावहारिक अध्ययनका लागि शाक्यवंशीय राजधानी तथा भगवान् गौतमबुद्धले २९ वर्षको युवा अवस्था बिताएको कपिलवस्तु तिलौराकोट आएका छन् । उनीहरूजस्तै १३ तन्नेरी ४ साताभन्दा बढी सैद्धान्तिक र व्यावहारिक ज्ञान लिइरहेका छन् ।

उनीहरू सबै त्रिभुवन विश्वविद्यालय स्नाकोत्तरका विद्यार्थी हुन् । मानविकी संकायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा पढ्दैछन् । अध्ययन पूरा गरेपछि उनीहरूले 'एमए इन आर्कलोजी' को डिग्री पाउँछन् । तन्नेरीले अहिले दोस्रो सेमेस्टरको २ सय पूर्णांक अध्ययन गर्दै गरेका हुन् । एक सय पूर्णांकको पुरातत्त्व उत्खनन तथा अन्वेषण प्राक्टिकल र सयको प्रिन्सिपल अफ आर्कलोजी पढेर फर्किए । उत्खननका लागि ट्रेन्च कसरी बनाउने, उत्खनन कसरी गर्ने र त्रिविमितिय नाप कसरी लिने उनीहरूले सिके । खन्ने तरिका, उत्खनन गर्दा प्राप्त सामग्री बाहिर कसरी निकाल्ने, सफा कसरी गर्ने र सुरक्षित गर्ने तरिका सिकेको उनीहरू बताउँछन् ।

पुरातात्त्विक वस्तुलाई घामपानीबाट बचाउने, कच्चा सामग्री भएर कसरी बलियो बनाउने र सामग्री पाइएकै ठाउँमा त्यसको संरक्षण गर्नुपर्ने तरिका को ज्ञान लिए । पुरातात्त्विक वस्तुको तस्विर खिच्ने, रेकर्ड राख्ने र ड्राइङ




लुम्बिनीको तिलौराकोटमा पुरातात्विक वस्तु उत्खनन गर्दै त्रिविका विद्यार्थी । *तस्विर : मनोज*

बनाउने ज्ञान पनि धेरै हासिल गरेको उनीहरू बताउँछन् । तहगत उत्खनन गर्ने, उत्खननको रिपोर्ट कसरी बनाउने र कस्तो अवस्थामा नियन्त्रण गर्ने भन्ने ज्ञान पनि दिइएको छ । त्यस्तै उनीहरूलाई संग्रहालय सजाउने, कस्तो प्रकाश दिने र सामग्री कसरी राख्नेलगायत पढाइएको छ । बिहान ८ देखि साँझ ४ बजेसम्म उत्खनन तथा अन्वेषण प्राक्टिकल विषयका लागि उनीहरू फिल्डमा खटिन्थे । साँझ ६ देखि ९ बजेसम्म पुनः प्रिन्सिपल अफ आर्कलोजीको थ्यौरीमा उनीहरू जुट्थे । दिनभरिका कामको समीक्षा गर्थे । नजानेको कुरा सोध्छन् । अर्को दिनका लागि थप काम लिन्छन् । विद्यार्थीलाई नेपाली र बेलायतको डुह्राम युनिभर्सिटीका प्रोफेसरहरूले सैद्धान्तिक विषय पढाए । फिल्डमा खटेर गरेको कामको तस्विरसहित रिपोर्ट दिएपछि उनीहरूले नम्बर प्राप्त गर्छन् । प्रिन्सिपल अफ आर्कलोजीको भने परीक्षा दिएपछि नम्बर पाउँछन् । पढेको विषयको फिल्डमै खटेर काम गर्न पाउँदा निक्कै सन्तुष्ट छु, नरेश दुराले भने । २७ वर्षे यी तन्नेरी चितवन भरतपुरबाट काठमाडौं गएर पुरातत्त्व अध्ययन गर्दैछन् । पुर्ख्यौली घर लमजुङ भएका उनले भने, 'हजुरबुवा डम्बर सिंहले बुवा पदम सिंहलाई लमजुङ दरबारको कथा भन्नु भएको थियो । बुवालाई सुनाइएको कथा के रहेछ भनेर जिज्ञासा लाग्यो ।' उतिबेलाको पुरातत्त्व पढ्ने हुटहुटीले यहाँसम्म ल्याएको उनी बताउँछन् । 'निक्कै रमाइलो लागिरहेको छ,' उनले भने, 'अब म पुरातत्त्वलाई नै करिअर बनाउँछु ।' पुरातत्त्वमै विद्यावारिधि गर्ने लक्ष्य उनले लिएका छन् ।

काठमाडौं बत्तीसपुतलीकी मुना लम्साल पनि पुरातत्त्वमै करिअर बनाउन आएकी छन् । २५ वर्षे लम्सालको परिवार पर्यटन व्यवसायमा छन् । उनको ठमेलमा ज्वेलरी पसल छ । 'सिकेको सीप व्यवसायमै लगाएर अझ उत्कृष्ट बनाउन चाहन्छु,' उनले भनिन्, 'यसको भविष्य राम्रो देखेको छु ।' प्राविधिक विषय हो, भित्रैबाट इच्छा नभएसम्म यो पढ्न कोही नआउने उनले बुझाइ छ । थारु समुदाय कला र संस्कृतिमा निकै धनी भएको अर्का अध्येता कविता चौधरीले बताइन् । 'आधुनिकतासँगै हराउन थालेको थारू गहना र परम्परा संरक्षण गर्नुपर्छ' उनले भनिन्, 'नभए भावी पुस्ताले देख्नै पाउँदैन ।' पुरातत्त्व पढ्दै गरेका २६ वर्षे प्रशन्न शाक्यको परिवार हस्तकलाको व्यवसाय गर्छ । यही कारण पुरातत्त्व पढ्न आएको उनले बताए । 'मूर्तिकाल, हस्ताकला र वास्तुकलाको पुरातत्त्वसँग के सम्बन्ध छ भन्ने जान्दा निक्कै खुसी छु' उनले भने, 'जात्रा परम्परा संस्कृति केवल रमाइलोका लागि मात्रै होइन ।'

विद्यार्थीलाई अध्ययन गराउन त्रिभुवन विश्वविद्यालयबाट नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागका सहप्राध्यापक डा. मदनकुमार रिमाल आएका छन् । उनीलगायत टोलीले विद्यार्थीलाई निगरानीमा राखेर अध्ययन गराइरहेका छन् । अबको एक साता विद्यार्थीसहितको टोलीले यहा बसेर अध्ययन गर्नेछन् । उत्खनन, संरक्षणका लागि विद्यार्थी तिलौराकोटमा सिक्छन् पढ्छन् । अन्वेषणका लागि बुद्धसँग सम्बन्धित विभिन्न पुरातात्त्विक स्थल पनि लगिन्छ । त्यसका लागि कपिलवस्तुकै बुद्धस्थल गोटिहवा, निग्लिहवा, सगरहवा र निग्रोधारामको भ्रमण गराइन्छ । त्यस्तै भारतमा रहेको बुद्ध स्थल पिपरहवा र गनवरियाको पनि भ्रमण गराइएको छ । 'आफैं उत्खनन अन्वेषण गरेर विद्यार्थीलाई व्यावहारिक ज्ञान दिन सक्दैनौं,' सहप्राध्यापक डा. रिमालले भने, 'त्यही भएर अर्काले उत्खनन अन्वेषण गरेको कामलाई उपयोग गरेका हौं ।'









तपाईंको आज

मेष	पदोन्नति	तुला	प्रियजन भेट
वृष	केही लाभ	वृश्चिक	अपजस
मिथुन	कार्य सिद्धि	धनु	मनोकांक्षा पूर्ण
कर्कट	कर्म प्राप्ति	मकर	आलोचित हुने
सिंह	भाग्य वृद्धि	कुम्भ	शत्रु परास्त
कन्या	कान्ति क्षय	मीन	आर्थिक लाभ

भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल चैत ८ गते बिहीबार तदनुरुप २२ मार्च २०१८ चैत्र शुक्लपक्ष पञ्चमी तिथि दिनको २:८ बजेसम्म उप्रान्त षष्ठि तिथि, कृतिका नक्षत्र रात्रिको ६:२७ बजेसम्म उप्रान्त रोहिणी नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:३२ बजेसम्म उप्रान्त प्रीति योग, कौलब करण रात्रिको ११:१० बजेसम्म उप्रान्त तैतिल करण, वृष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	ग्रुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	मार्ग दर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एस एण्ड एस (द रिल्यू शो)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	ट्वाक्क ट्वक्क
२:३०	कान्तिपुर समाचार
३:००	सरोकार
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एस एण्ड एस (हङ्गार हल्ट)
७:००	हर्के हलदार
८:००	कान्तिपुर समाचार
९:००	सुमनसँग
९:३०	मनि टक्स
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एस एण्ड एस (हङ्गार हल्ट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एस एण्ड एस (हङ्गार हल्ट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	हर्के हलदार
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	के आज घरमै

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेड लाइनर्स
७:३०	संरक्षण (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (साबिना)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (प्रज्वल)
१०:००	स्पोर्ट एन्ड डायरी
१०:०५	गजब छ बा (आशीष शाह/दुर्गाराज पाण्डे)
११:००	आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी
११:०५	टेस्ट बड (सञ्जय/धलिसा)
१२:००	कान्तिपुर डायरी
१२:१०	आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (प्रज्वल खड्का)
१४:००	इन्टरनेसनल डायरी
१५:००	कान्तिपुर डायरी
१५:१५	सँगिठोमेढ़ी (रोबिन तामाङ)
१६:००	हेल्थ एन्ड ह्याप्पिनेस डायरी
१६:०५	हेप्पी हावर (शुभराज अधिकारी)
१७:०५	ह्याप्पिनेस टक (भूपेन्द्र)
१८:००	आद्या अकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	आई लभ इट आई हेट इट (प्रज्वल/स्वर्ण)
२०:००	सेक्चुरिटी एन्ड क्राइसा डायरी
२०:०५	क्लोज अप कनेक्ट (साबिना)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ग्लोबल कनेक्सन (शुभराज अधिकारी)
२३:००	आजदेखि अर्को आजसम्म (प्रज्वल खड्का)
२३:०५	आफ्नो भाका आफ्नो गीत (कृष्ण)
००:०१	कानुनी बहस र परामर्श (कमला पन्थी)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१-५४०२००
बुद्ध सामुदायिक मुलु अस्पताल	०७१-५४९९९७
महिला तथा बाल अस्पताल-आमटा	०७१-५४४४५०
चुनिमर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवा	०७१-५०६०३०
मीम अस्पताल भैरहवा	०७१-५२०९९३
पृथ्वी चन्द्र अस्पताल पराशी	०७८-५२०१९८
अर्घाखाची जिल्ला अस्पताल	०७७-४२०३५७
गुल्मी जिल्ला अस्पताल	०७१-५२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७-५४६०२००
रेडक्रस ब्लडबुलेन्स भैरहवा	०७१-५२०२६३, ९७५४०२९१०८
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७३८६५७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१०८
संचुक्त ब्लडबुलेन्स चालक संघ बुटवल	९८५७०२३०९९
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-५०६०२२, ५०६०५२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-५२२९७५, ९८५७०२७३९०
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४९८०८
अध्यागमन कार्यालय बेलहिया	०७१-४९८०२०
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-५०६०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-५२०२१५
दमकल बुटवल उपमहानगरपालिका	०७१-५४०१९९
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-५२३५३८
जिल्ला प्रशासन कार्यालय	५४०१३३
जिल्ला प्रहरी कार्यालय	५४०१२०
रात्री उपक्षेत्रीय अस्पताल घोराही	५४२३६५
रात्री अञ्चल अस्पताल तुलसीपुर	५२००१९
लमही अस्पताल	५४००१९
रात्री आँखा अस्पताल तुलसीपुर	५२०१६५
आँखा अस्पताल लमही	४१७००८
घोराही उपमहानगरपालिका	५४०७००
तुलसीपुर उपमहानगरपालिका	५२०२३३
लमही नगरपालिका	५४००५०
उच्च अदालत तुलसीपुर	५२००३४
जिल्ला अदालत	५४०२४५
रात्री प्राबिधिक शिक्षालय लालमटिया	४१३००१
ब्लडबुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर	९८५७८२३२२३
ब्लडबुलेन्स परिवार निर्योजन संघ घोराही	५४००२३/९८६७८६२३५८
दमकल घोराही	५४०७१२
दमकल तुलसीपुर	५२०३०५
रेडक्रस सोसाइटी घोराही ब्लड बैंक	५६१५६०
रेडक्रस सोसाइटी तुलसीपुर ब्लड बैंक	५२३१४०
घोराही बसपार्क	५४०४१५
तुलसीपुर बसपार्क	५२०५०४
लमही बसपार्क	५४०८४०
जिल्ला प्रहरी कार्यालय बाँके	५२०२११/५२२७४८/१००
ईलाका प्रहरी कार्यालय कोहलपुर	५४०४२०/५४०११३
वंशा प्रहरी कार्यालय नेपालगन्ज	५२०२२९
क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज	५४००३३/ १०३
जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज	५२०८५३
नेपाल रेडक्रस सोसाईटी	५२०१०४
ब्लडबुलेन्स/ब्लड बैंक नेपालगन्ज	५२०१०४
दमकल नेपालगन्ज	५२०१११
दमकल कोहलपुर	९८४८११४१६०
मेरी अञ्चल अस्पताल नेपालगन्ज	५२०१२०
नेपालगन्ज मेडिकल कलेज	५२२४५८
कोहलपुर मेडिकल	५४०४०८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४१२४४/४२४१४०२
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निः शुल्क ब्लडबुलेन्स/शववाहन	४४२८०३५
सुशेरु ब्लडबुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४४५५०
परोपकार ब्लडबुलेन्स सेवा	४२६०८५२
बिशालबजार ब्लडबुलेन्स सेवा	४२४४१२१
रेडक्रस ब्लडबुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस ब्लडबुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९८
देव कर्नर नि:शुल्क शववाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्यावर्स संघ	४२२४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

एसियन कप छनोट

आशा साफलाई

■ सुबास हुमागाईं



नेपाली टोली

गोलरक्षक : किरण चेम्जोङ, विकेश कुथु र एलन न्यौपाने

डिफेन्डर : विराज महर्जन (कप्तान), अनन्त तामाङ, आदित्य चौधरी, दिनेश राजवंशी, रञ्जित धिमाल र देवेन्द्र तामाङ

मिडफिल्डर : रोहित चन्द, विशाल राई, हेमन गुरुङ, हेमन्त थापामगर, सुनील बल, सुमन लामा र सुजल श्रेष्ठ

फरवार्ड : विमल घर्तीमगर, नवयुग श्रेष्ठ, जर्जप्रिन्स कार्की र अञ्जन विष्ट ।

काठमाडौं- एएफसीबाट उपहारस्वरुप एसियन कप फुटबलको छनोट खेल्ने मौका पाएको नेपालले चैत १४ मा यमनको सामना गर्दै छ । सन् २०१६ को नोभेम्बरमा विश्वकप छनोटको पहिलो चरणबाटै बाहिरिएका राष्ट्रबीच भएको एएफसी सोलिडारिटी कपको उपाधि जितेपछि नेपालले यो अवसर पाएको हो । प्रतियोगिताको फाइनलमा नेपालसँग १-० ले पराजित मकाउले पनि सोही अवसर प्राप्त गऱ्यो ।

समूह चरणको अन्तिम खेलसम्म आइपुग्दा नेपाल ५ खेलमा २ अंक जोडै पुछारमा छ । नेपालको छनोट हुने सम्भावना समाप्त भइसकेको छ । उता मकाउ खेलेका सबै खेलमा हार बेहोर्दै अंकतालिकाको पुछारमै छ । एसियन कप छनोटमा अपेक्षाकृत प्रदर्शन गर्न नसके पनि नेपालले आफ्नो स्तर मापन गर्ने राम्रो अवसर पायो । घरेलु मैदानमा यमन र फिलिपिन्सलाई बराबरीमा रोकेको नेपालले ताजिकिस्तानसँग २-१ ले पराजित हुँदै सन्तोषजनक नतिजा हात पाऱ्यो । अबे मैदानमा भने नेपालको प्रदर्शन सुखद हुन सकेन ।

यमनविरुद्ध कतारको दोहामा हुने अन्तिम खेलमा नेपाल सकारात्मक नतिजासहित प्रतियोगिताबाट बिदा हुने दाउमा छ । तर विगतका खेलको तुलनामा नेपाल सम्भवतः सबैभन्दा कमजोर स्थितिमा छ । यसअघिका खेलमा नेपालले तयारीलाई लामो समय पाएको थियो । केही खेलअघि मैत्रीपूर्ण खेल र कुनै खेलमा वैदेसिक प्रशिक्षण पनि पाएको थियो । तर यसपालि खेलअघि नेपाली टोलीले एक साता पनि पूर्ण प्रशिक्षण गर्न पाएको छैन । मोफसलका प्रतियोगितामा ए डिभिजन क्लबहरू व्यस्त हुँदा प्रशिक्षक ग्योतोकु कोजीले समयमै खेलाडी पाएनन् ।

उपलब्ध खेलाडीको फिटनेसमा समस्या त छँदै छ, नेपाली टोलीले यसपल्ट महत्त्वपूर्ण केही सदस्यको पनि साथ पाउने छैन । नियमित उपकप्तान भरत खवास दोहोरो पहेँलो कार्डका कारण यमनविरुद्ध उपलब्ध हुँदैनन् । उनले ताजिकिस्तानमा ३-० को हार र फिलिपिन्ससँग गोलरहित बराबरी खेल्दा पहेँलो कार्ड पाएका थिए । यस्तै भरपर्दा मिडफिल्डर विक्रम लामा पनि चोटका कारण टोलीमा छैनन् । फागुनमा बुढासुब्बा गोल्डकपको फाइनलमा खुट्टा भाँचिएपछि शल्यक्रिया गराएका विक्रम अझै केही महिना मैदानबाहिर रहन्छन् ।

भर्खरै चोटबाट पुनरागमन गरेका डिफेन्डर रविन श्रेष्ठ प्रशिक्षणमा सामेल भए पनि कोजीले उनलाई टोलीमा समेटेका छैनन् । नेपाल पुलिस क्लबका लागि तिलोत्तमा गोल्डकपको तीन खेल खेलेका रविनमाथि प्रशिक्षक कोजीले जोखिम उठाउन चाहेनन् । मनाङ मर्स्याङदी क्लबका कमल श्रेष्ठ पनि पूर्ण फिट नहुनाले टोलीमा अटाउन सकेनन् ।

प्रशिक्षक कोजीले यमनविरुद्धको खेललाई सेप्टेम्बरमा हुने साफ च्याम्पियनसिप तयारीको रूपमा हेरेका छन् । 'हामीले केही महिनामै साफ च्याम्पियनसिप खेल्दै छौं । अहिले उपलब्ध खेलाडीलाई अध्ययन गर्न यो राम्रो अवसर हो । वर्तमान टोलीमा रहेको कमजोरी पत्ता लगाएर हामीले पछिका लागि त्यसको समाधान निकाल्न सक्छौं,' उनले भने ।

कोजीले यसपालि चार खेलाडीलाई टोलीमा फिर्ता बोलाएका छन् । थ्रीस्टारका लागि उत्कृष्ट प्रदर्शन गरिरहेका गोलरक्षक एलन न्यौपानेसँगै डिफेन्डरद्वय आदित्य चौधरी र देवेन्द्र तामाङ टोलीमा फर्किएका छन् । पुलिसको आक्रमणमा निर्णायक भूमिका निभाइरहेका फरवार्ड सुमन लामा पनि यसपालि टोलीमा फर्किए । समग्रमा टोलीमा युवा खेलाडीको प्रभाव रहनेछ ।

नेपालले यसअघि यमनसँग प्रतियोगिताको दोस्रो खेलमा गोलरहित बराबरी खेलेको थियो । हल्चोकस्थित एपीएफ रंगशालामा सम्पन्न उक्त खेलमा यमनका खेलाडीले रमादानको समयमा खेलेका थिए । तुलनात्मक नेपाली टोली शारीरिक रूपमा कमजोर भए पनि खेल भने प्रतिस्पर्धात्मक थियो ।

यमन अहिले समूहको दोस्रो स्थानमा छ । नेपाललाई पराजित गरेको खण्डमा यमनले एसियन कपमा स्थान पक्का गर्नेछ । त्यसैले पनि नेपालका लागि यो खेल थप कठिन बन्नेछ ।

विगत तुलनामा कमजोर तयारी, महत्त्वपूर्ण खेलाडीको अनुपस्थिति र विपक्षीको बलियो दावेदारीले यस खेलमा नेपालले सुखद नतिजा ल्याउने सम्भावना निकै कम रहेको आँकलन गर्न सकिन्छ ।

बिर्तामोडलाई भेट्रान कप

काँकडभिट्टा (कास)- काँकडभिट्टा भेट्रान फुटबल क्लबको आयोजनामा सम्पन्न इन्डो-नेपाल भेट्रान फुटबलको उपाधि बिर्तामोडले जितेको छ । स्थानीय काँकडभिट्टा मार्विको मैदानमा सम्पन्न फाइनलमा बिर्तामोडले सुरुङ्गा भेट्रान क्लबलाई ३-० ले पराजित गर्दै १ लाख २५ हजार रुपैयाँ पुरस्कार जित्यो । सुरुङ्गाले ५१ हजार पायो ।

सुरुको १० औं मिनेटमा बिर्तामोडका गणेश सुब्बाको पासमा सुवास आङ्थुपोले गोल गर्दै टोलीलाई अग्रता दिलाए । २३ औं मिनेटमा गणेशकै पासमा सुवासले दोस्रो गोल थप्दै विपक्षीलाई थप दबाबमा राखे ।

बिर्तामोडले दोस्रो हाफको २९ औं मिनेटमा सुवासको क्रसमा नरेन्द्रमणि लिम्बूले गोल गर्दै टोलीको जित निश्चित गरे । म्यान अफ द म्याच र सर्वाधिक गोलकर्ता बिर्तामोडका सुवास आङ्थुपो भए । खेलका सर्वोत्कृष्ट खेलाडी नरेन्द्रमणि लिम्बू, उत्कृष्ट फरवार्ड देवमान लिम्बू, उत्कृष्ट प्रशिक्षक नवीन लिम्बू र उत्कृष्ट डिफेन्डर मोहन गुरुङ (बिर्तामोड) भए । उत्कृष्ट मिडफिल्डरमा राकेश श्रेष्ठ (काँकडभिट्टा) र जेष्ठ खेलाडीमा कुमार सापकोटा (सुरुङ्गा) चुनिए भने फेयर प्ले टिम दार्जिलिङ बन्यो ।

देवदह र होराइजन सेमिफाइनलमा

बुटवल (कास)- सिद्धार्थ रंगशाला भैरहवामा जारी रूपन्देही टी-२० क्रिकेट प्रतियोगितामा मंगलबार देवदह क्रिकेट युनिट र न्यु होराइजन क्रिकेट क्लब बुटवल सेमिफाइनल पुगेका छन् ।

पहिलो खेलमा देवदहले ज्ञानोदय क्रिकेट क्लब करहियालाई १४ रनले हरायो । टस हारेर ब्याटिङ गरेको देवदहले ८ विकेट गुमाई १ सय १४ रन बनायो । कुशल भूर्तेलले २८, प्रकाश केसी र सन्दीप जोराले १३-१३ रन बनाए । ज्ञानोदयका कृष्ण पराजुलीले ३ र संगम थापाले २ विकेट लिए ।

यसअघि टस जितेको साई ग्लोबले १९.२ ओभरमा सबै विकेट गुमाई ८२ रनमात्रै बनायो । आशुतोष पासवानले ४२ र अजय रसाइलीले १६ रन बनाए । उसलाई सस्तैमा रोक्न बलिङमा होराइजनका कुशल मल्लले ४ र अनिल खरेलले २ विकेट लिए ।







'ओपनिङमै प्रमाणित गर्न चाहन्छु'



ज्ञानेन्द्र मल्ल, उपकप्तान

प्राविधिक हिसाबमा नेपालका सबैभन्दा निपुण ब्याट्सम्यान मानिएका ज्ञानेन्द्र मल्लका लागि पछिल्लो एक महिनामा भएको विश्व क्रिकेट लिग डिभिजन २ र विश्वकप छनोट बिर्सनलायक बन्यो । आफ्नो प्रदर्शनका हिसाबमै उनी यसलाई सम्झन चाहँदैनन् । नेपालबाट प्रमुख आस गरिएका यी ओपनिङ ब्याट्सम्यानले डिभिजन २ र विश्वकप छनोटका १२ खेलमा उनले १ सय ४२ रनमात्र बनाउन सके । आफूले प्रदर्शन दिन नसकेकामा उनलाई ग्लानि छ । यही मौकामा नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो । नेपाली टोलीका उपकप्तान ज्ञानेन्द्रसँग यसै सेरोफेरोमा *कान्तिपुर*का लागि **विनोद पाण्डे**ले गरेको कुराकानी :

नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पाउँदा टिममा लामो समय योगदान दिँदै आउनुभएका तपाईले यसलाई कसरी लिनुभएको छ ?

० मुख्य लक्ष्य कसरी टेस्ट मान्यता पाउने भन्ने थियो । त्यहाँसम्म पुग्ने वान-डे अन्तर्राष्ट्रिय मान्यता आधार हो । आफैले खेलिरहेको अवस्थामा नेपालको प्रतिनिधित्व गर्दै यो मान्यता पाउनु मेरा लागि गौरवको विषय पनि हो । जतिखेर हामी क्रिकेट खेल्थ्यौं त्यतिखेर यो किसिमको चहल-पहल नै थिएन । खेल्दै जाँदा ट्वान्टी-२० विश्वकप नै खेल्यौं । त्यस्तै वान-डे अन्तर्राष्ट्रिय मान्यता पनि अर्को चरणको सपना थियो । क्रिकेट खेल्दा यो सम्भव पनि थिएन र सोचेका पनि थिएनौं । विश्व क्रिकेट लिग डिभिजन ५ मा हुँदा यो सम्भावनै थिएन । आफ्नो सानोतिनो योगदानमा नेपाल यो स्थितिमा आइपुग्दा सन्तुष्ट लागेको छ ।

मैरै प्रदर्शनका कारण नेपाल विश्वकप छनोटको सुपर सिक्समा पुग्न सकेन जस्तो लाग्छ, यसमा म दुःखी छु ।

हिजोका दिनमा नेपालको ब्याटिङ पारस, शरद र तपाईमा मात्र भरपर्दै आउँदा कुनै दिन यहाँ पुगिन्छ भनेर सोच्नुभएको थियो ?

० हामी तीन जना मात्र चलेर यो स्थितिमा आएको भन्ने हुँदैन । हाम्रो क्रिकेट संस्कार अझै विकसित भइसकेको छैन । हामी अझै स्कोरकार्ड हेरेर मूल्यांकन गर्छौं । त्यसबाट बाहिर आउन जरूरी छ । टिममा सबैको आ-आफ्नो भूमिका हुन्छ । सामान्य उदाहरण के हो भने पारसले १ रन लिँदा नन स्ट्राइक एन्डमा रन नजोड्नेको पनि उत्तिकै भूमिका हुन्छ । ब्याट्सम्यानले जति रन बनाए पनि बलिङ र फिल्डिङले केही गर्न सकेन भने खेल जित्दा पनि जितिँदैन । हुनसक्छ हिजोका दिनमा हाम्रो योगदान बढी थियो, तर अरुलाई नकार्न मिल्दैन । हामीले बनाएको ४०-५० सय रन भन्दा उनीहरूले बनाएको १० रनको पनि त्योभन्दा बढी महत्त्व हुनसक्थ्यो ।



झलिट जोशी

वान-डे मान्यता पाउँदाको माहोल कस्तो थियो, सिनियर खेलाडी भएकाले त्यसलाई कसरी लिनुभयो ?

० वान-डे अन्तर्राष्ट्रिय मान्यता पाएको हो कि होइन भनेर ढुक्क हुनसकेका थिएनौं । यति मेहनत गरेर आइसक्यौं यो भन्दा तल झर्नु हुँदैन भन्ने थियो । एउटा खेल जित्यो भने वान-डे अन्तर्राष्ट्रिय दिए पनि नदिए पनि कम्तीमा हामी माथिल्लो स्तरमा पुग्थ्यौं । आयरल्यान्ड र अफगानिस्तान पनि टेस्ट राष्ट्र बनिसकेको अवस्थामा हामी एसोसिएटको शीर्ष चार राष्ट्रभित्र पर्थ्यौं । वान-डे अन्तर्राष्ट्रिय मान्यता अन्योल भए पनि अन्तरमहादेशीय कप र विश्व क्रिकेट लिग च्याम्पियनसिप खेल्ने निश्चित हुन्छ फेरि डिभिजन २ फर्कनुपर्दैन भनेर बसेका थियौं । हामीले पपुवा न्युगिनीलाई हराइसकेको र नेदरल्यान्ड्सले हङकङसँग विजय हात पारिसकेको थियो । हामी टीभीमा वेस्ट इन्डिज र अफगानिस्तानको खेल प्रत्यक्ष हेरिरहँदा कमेन्टेटरले बीच-बीचमा नेदरल्यान्ड्सले जितेपछि नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो भनेपछि मात्र हामी ढुक्क भयौं । पछि आईसीसीबाट यससम्बन्धी समाचार आयो । हाम्रो लक्ष्य नै भएकाले भाइबर ग्रुप 'मिसन ओडीआई स्ट्याटस' भनेर बनाएका थियौं । त्यसलाई ओडीआई स्ट्याटस बनाएर वान-डे अन्तर्राष्ट्रिय मान्यताको खुसी मनायौं । नयाँ खेलाडीको भविष्य देखेर खुसी लाग्यो । युवा खेलाडी भएकाले उनीहरू अझ जोसिला थिए, यसले छुट्टै सन्तुष्टि दिएको थियो । क्रिकेट अब नयाँ आउने पिँढीले पनि खेल्न पाउने भयो । त्यो पनि माथिल्लो स्तरमा भन्दा खुसी पनि थियो । मनमा चिसो पनि पस्यो । पाउन त पायो क्रिकेट संघ नै निलम्बनमा छ, ट्वान्टी-२० अन्तर्राष्ट्रिय पनि पाएको थियो तर त्यसको खासै प्रयोग गर्न सकेका थिएनौं । अब के हुन्छ भनेर मनमा बिझिरहेको थियो ।

नेपालको वान-डे अन्तर्राष्ट्रिय मान्यतामा तपाईले कस्तो किसिमको योगदान गर्न सक्नुहुन्छ भन्ने लागेको छ ?

० मैले दिने योगदान भनेको जहिले पनि देशका लागि केही गर्ने हो । त्यो भनेको आफूले भ्याए र शरीरले साथ दिएसम्म हो । योगदान भनेको खाली रन बनाउनमात्र होइन । मैले मैदानमा खेल्दा मात्र हुन्छ भन्ने पनि होइन । मैदानबाहिर पनि मैले क्रिकेटलाई कसरी एउटा एम्बासडरको रूपमा अगाडि लैजान सक्छु, क्रिकेटलाई कसरी संस्थागत गर्न सक्छु त्यो भूमिका बढी हुन्छ । क्रिकेट एउटा स्तरमा पुगिसकेको छ यसलाई निरन्तरता दिन खेलाडीको मात्र नभएर, प्रशंसक, एम्बासडर भएर मैदानभित्र र बाहिर अझै धेरै योगदान मैले गर्नुपर्छ जस्तो लाग्छ ।

नेपाल क्रिकेट संघ निलम्बनको अवस्थामा यो उपलब्धि जोगाउन त गाह्रो होला नि ?

० मेरो विचारमा संघ हुँदा र नहुँदाको फरक भनेको समन्वय गर्न गाह्रो र विकासको कुरामा असर परेको हो । संघ निलम्बन हुँदा हामी खेलिरहेका छौं । तर यसमा अलिकति असर परेको त छ । त्यसको मतलब वान-डे अन्तर्राष्ट्रिय मान्यता जोगाइराख्न संघ नै चाहिन्छ भन्ने होइन । क्रिकेटमा जो-जो सरोकारवाला हुनुहुन्छ उहाँले आफ्नो सानो दायित्व लिनुभयो भने पनि यो मान्यतासँगै नेपाली क्रिकेट अगाडि बढ्न सक्छ । संघ भनेको क्रिकेटको सर्वोच्च निकाय हो त्यो नहुँदा काम गर्न केही अप्ठ्यारो त पर्छ नै ।

नेपालको पहिलो वान-डे अन्तर्राष्ट्रिय मान्यता खेल को सँग होस् जस्तो लागेको छ ?

० जो सँग खेले पनि आफूले खेल्न पाउनु ठूलो हो । त्यो नै आफ्नो खेलजीवनको हाइलाइट्स हुनेछ । भारतसँग खेल्न पाए म सबैभन्दा खुसी हुनेछु । पहिलेदेखि क्रिकेट हेरेको भनेको भारतकै हो । सचिन तेन्दुलकरबाट प्रभावित हुने भइहालियो । केही तीतो अनुभवहरू पनि छ । भारतमा खेल्न जाँदा नेपालमा पनि क्रिकेट खेल्छ र भन्ने प्रश्न गर्थे । भारतसँग वान-डे अन्तर्राष्ट्रिय खेल्न भारतमै गइयो भने अब जवाफ दिइरहनुपर्दैन ।

नेपाली टोलीमा आरिफ शेख, सन्दीप लामिछाने, रोहित पौडेल, ललितनारायण राजवंशी जस्ता युवा खेलाडीको भूमिकालाई कसरी लिनुहुन्छ ?

० क्रिकेटमा जोस र खेलप्रतिको लगाव कति छ भन्ने पनि महत्त्वपूर्ण हुन्छ । त्यो जोसलाई सही ढंगले प्रयोग गर्न सक्यो भने नतिजा राम्रो आउँछ । डेढ वर्ष जस्तो अगाडि पनि मैले सोपमाल कामी, करण केसीलाई हेर्दा त्यस्तो अनुभव गरेको थिइनँ, तर उनीहरू अहिले सही बाटोमा देखिएका छन् । अहिले आउँदा भनेको कुराहरू बुझ्ने गरेजस्तो देखिन्छ । योजनाहरू बुझ्छन्, क्रिकेट ज्ञान बढाउँदै गएका छन् । रोहित र सन्दीप त अझै नयाँ नै छन् । उनीहरूको बुझाइ अझै तेज देखिन्छ । अर्को एक-डेढ वर्ष यही स्तरमा उनीहरूले खेलिरहेमा हाम्रो क्रिकेट सही दिशामा गइरहेको छ भनेर भन्नुपर्छ । प्रतिभा भएकै हिसाबले उनीहरूले त्यो अनुरुपको प्रदर्शन दिइरहेका छन् । एक्सपोजर कम भएकाले अझ पनि उनीहरूको खेल खुल्न पाएको छैन ।

धेरै जिम्मेवारी लिँदा खेलमा कत्तिको असर पर्छ ?

० पहिला पनि एउटा ब्याट्सम्यान, उपकप्तानको जिम्मेवारी लिएर खेलेकै हुँ । डिभिजन २ मा मेरो प्रदर्शन राम्रो भइरहेको थिएन । दिमागमा मैले राम्रो गर्नुपर्छ भनेर खेलिरहेको थियो । राम्रो स्कोर बनाउन नसके पनि अर्को एन्डबाट टिमलाई सहयोग गर्नुपर्छ भन्ने थियो । सुरुआत पनि राम्रै भएको थियो नभएको होइन । जिम्बावेसँग खेल्दा मेरो भूमिका पनि त्यही थियो एउटा एन्ड सम्हालेर खेल्नुपर्ने । ३२ रन बनाए पनि लय नभेटिरहेको जस्तो अनुभव भएको थियो । त्यसमा विश्वकप छनोटजस्तो प्रतियोगितामा टिमले हार्दा र आफ्नै ब्याटिङ नचलेर हार्दा अलिकति मानसिक तनाव भयो । त्यो दबाब भयो भन्दैमा राम्रो प्रदर्शन गर्न नसकेको भने होइन । विश्वकप छनोट भएकाले अलिकति छुट्टै दबाब थियो । आफूले प्रदर्शन गर्न नसकेकै कारण टिमले हार्दा नरमाइलो लाग्यो ।

जिम्बावेसँगको त्यो इनिङ्सपछि त दबाब अलिक कम हुनुपर्ने होइन ?

० टिम योजनाअनुसार मैले कम्तीमा १०-१२ ओभर टिकेर खेल्नुपर्ने थियो । कति बल खेल्यो भन्ने महत्त्वपूर्ण हुँदैन्थ्यो । मैले त्यहीअनुसार खेले पनि लय भेटाउन सकिनँ । स्कटल्यान्डसँग हाम्रो ब्याटिङ पतन नै भयो । मैले आफ्नो कमजोरी लुकाउन खोजेको त होइन, तर म त्यो खेलमा इनसाइड एज लागेर एलबीडब्लू आउट हुनपुगे । जिम्बावे र अफगानिस्तानलाई टक्कर दिने तथा स्कटल्यान्ड र हङकङलाई जितेर सुपर सिक्समा पुग्ने टिमको लक्ष्य थियो । तर पहिलो दुई खेल हारेपछि मनोबल झरेजस्तो भयो ।

इभेन्ट म्यानेजमेन्टतिर बढी ध्यान गएर तपाईको प्रदर्शन खस्केको भन्ने पनि छन् नि ?

० मैदानभित्र हुँदा पक्कै पनि मैले इभेन्ट सोचिरहेको हुन्न । मेरो जिम्मेवारी खेल्दा कसरी क्रिकेट राम्रो खेल्ने र मैदानबाहिर क्रिकेटलाई कसरी राम्रो गर्ने भन्ने हो । सबैको आ-आफ्नो बुझाइ र हेर्ने तरिका हुन्छ । मेरो सानो प्रयासले क्रिकेट भइरहेको छ, अगाडि बढ्छ भने किन नगर्ने । त्यसमा म खेलेको होस् वा नखेलेको होस् । विराट कोहली, महेन्द्रसिंह धोनीले खेल्दा खेल्दै फुटबलमा लगानी गरेका छन् । त्यसको मतलब उनीहरू पूरा व्यापारमै लागेको भन्ने होइन नि । नराम्रो चलिरहँदा मेरोबारेमा यस्तो आएको होला । तर मलाई त्यसले मेरो प्रदर्शन बिगारेको जस्तो लाग्दैन ।

तपाईको ढाड मुभमेन्ट भएन, निहुरिन सक्नुभएन भनेर विदशी मिडियामा आइरहेको छ, के हो कुरा । कतै तपाई चोट लिएरै खेल्नुभएको त होइन ?

० मेरो ढाडमा त्यस्तो केही समस्या छैन । खुट्टामा अलिकति सानो समस्या थियो, खेल्नै नसक्ने भने होइन । कसरी त्यस्तो आयो मलाई थाहा छैन । पूर्ण फिट भएरै खेलेको हुँ ।

तपाईको ब्याटिङमा पूरा टिमले भरोसा लिएको हुन्छ । पारस खड्का र मध्यक्रम चलेको अवस्थामा तपाईको ब्याटिङ अलिकति चलेको भए नेपाल सुपर सिक्समा पुग्न सक्थ्यो होला जस्तो लागेन ?

० एकदम लागेको थियो । स्कटल्यान्डसँगको खेलमा २ सय २० रनभन्दा माथि बनाएर स्पिनरले दबाब दिने भन्ने थियो । तर ब्याटिङ नै क्लिक हुन सकेन । १०-१२ ओभर म टिकेको भए पनि अरु ब्याट्सम्यानलाई कम दबाब पर्थ्यो । मैरै कारणले त्यो हुन नसकेको हो, त्यसको जिम्मेवारी म आफै पनि लिन्छु ।

यसले आरिफ र रोहितजस्ता युवा ब्याट्सम्यानलाई कस्तो दबाब पार्थ्यो ?

० दबाब त परिहाल्थ्यो । मैले उनीहरूलाई सबैभन्दा ठूलो अवसर तिमीहरूलाई छ तर तिमीहरू उल्टो सोचिरहेका हुन्छौ त्यस्तो सोच्नुहुँदैन भनेर भन्थें । युवा खेलाडी छौं हारेर गुमाउनु केही छैनौं भन्थें । पुराना खेलाडीलाई दबाब भए पनि तिमीहरूलाई अवसर हो भनेर सम्झाउने गर्थें । १० रन हाने पनि त्यो भन्दा बढी रन हाने पनि त्यसले भोलिको दिनमा आत्मविश्वास दिलाउने हो भनेर भन्थें । राष्ट्रको प्रतिनिधित्व गरिसकेपछि जुनियर खेलाडीले पनि खेल जिताउन सक्छन् नि ।

तपाईको ब्याटिङ नचल्दा टिमले कतिको हौसला दिन्थ्यो ? प्रशिक्षक, कप्तान, ब्याटिङ परामर्शदाताले के भन्थे ?

० टिमले कहिले पनि आउट अफ फर्म भयो खेल्न सकेनौं भनेर भनेन । मलाई स्पेस दिइरहेको थियो । कहिलेकाहिँ खराब फर्म हुन्छ भनेर भन्थो । ब्याटिङ परामर्शदाता उमेश पटुवालसँग मैले विगतमा प्रशिक्षण लिएको थिएँ । खेल्ने शैलीमा केही फरक छैन, खाली अहिले रन नलागेको मात्र हो । आत्मविश्वास देखिरहेको मात्र छैन । खेल्ने शटहरू ब्लक भएको हुनसक्छ । धेरै सोचेर हुनसक्छ । रन नहान्दा मनमा धेरै कुरा आउन सक्छ, त्यसमा ध्यान दिनु हुँदैन भन्नुहुन्थ्यो ।

भन्नाले तपाईलाई ओपनिङमा खेल्न गाह्रो भएको हो ?

० यो मलाई लाग्दैन । धेरैले मलाई किन ओपनिङमा ब्याटिङ गरेको फस्ट डन वा मध्यक्रममै ठीक थियो भनेर सुझाव दिन्छन् । अहिले मैले टिमले दिएको जिम्मेवारी पूरा गर्न नसकेको हो । २ वर्षदेखि ओपनिङ गरिरहेको थिएँ । त्यति बेला सबै ठीक थियो किन ओपनिङ गरेको भनेर कसैले भनेनन् । खेल्न नसक्दा धेरै प्रश्न आउँछन्, यसले खुसी पनि बनायो किनभने मलाई लिएर ध्यानाकर्षण हुँदोरहेछ । म अझै पनि ओपनरकै भूमिका प्रमाणित गर्न चाहन्छु ।





काठमाण्डौ महानगरपालिका
नगर कार्यपालिका
राजश्व विभाग

व्यवसाय कर तिर्ने बुझाउने सम्बन्धमा अत्यन्त जरूरी सूचना !

काठमाडौं महानगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरि स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा वा यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति वा संस्थाले व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान र लगानीका आधारमा वार्षिक व्यवसाय कर भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था रहेको अवगतै होला । यस आर्थिक वर्षमा व्यवसायीहरुको सुविधालाई ध्यानमा राखी मिति २०७४/१२/०१ गते देखि काठमाडौं महानगरपालिका अन्तर्गतका वडा नं. १ देखि ३२ वडाहरुमा स्थलगत रुपमा व्यवसाय कर टोली परिचालन भई सकेको छ । खटि आउने करटोलीले व्यवसाय स्थलमानै काठमाडौं महानगरपालिकालाई तिर्न बुझाउन पर्ने कर तिर्न अनुरोध गर्ने, कर आदेश जारी गर्ने, भर्पाई गरि राजश्व बुझिलिने अख्तियारी समेत दिईएको हुँदा टोली समक्ष आफ्नो विवरण पेश गरि व्यवसाय दर्ता तथा नविकरण गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ ।

"कर तिरौं सम्मानित बनौं,
सेवा प्राप्त गर्न हक सिर्जना गरौं"

कोटेश्वर बहुमुखी क्याम्पस
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

सूचना ! सूचना !! सूचना !!!

यस कोटेश्वर बहुमुखी क्याम्पसका सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूको भेला आयोजना गरी भूतपूर्व विद्यार्थी संघ (Alumni Association) गठन निम्न मिति, समय र स्थानमा हुन गइरहेकाले सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

मिति : २०७४/१२/१० गते शनिबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : कोटेश्वर बहुमुखी क्याम्पस ।

नोट: यो सूचना जसले हेरे पनि साथीहरूलाई जानकारी गराइदिनुभई सूचना सम्प्रेषणमा सहयोग गरिदिनुहोला र ३ दिनभित्रमा नाम टिपाइदिनु होला ।

- MBS भर्नाका लागि CMAT उत्तीर्ण विद्यार्थीहरूलाई यथाशीघ्र भर्ना भई दिनुहुन सूचित गरिन्छ । (सीमित सिट बाँकी)
- MBS प्रथम सेमेष्टरको कक्षा शुरू मितिः २०७४/१२/१२ गते सोमबार

सम्पर्क: ०१-४१५५१४५, ४१५५२६६, ९८५१०६७७७५

क्याम्पस प्रमुख

USA
5 YEARS MULTIPLE VISA
Conditions Apply
NO SPONSORSHIP REQUIRED
EASY DOCUMENTTATION/QUICK PROCESS
TheVideshyatra.com
Nepal's no-1 Business and travel management Service Brand
City Center: 01- 4011812/11, 9851081645 ,9802010249
We Assist and support Visa as Part Of Available program

TRAINING ON APPLIED ACCOUNTING
Including TAX,VAT & TDS
[Manual+Computerized]
Advanced EXCEL for Professionals
100% PLACEMENT ASSISTANCE
NIMe Pvt. Ltd.
Putalisadak (New Plaza)
T:4429329, 4429330
Cell: 9841388125

PhD Opportunity
Opportunity to study from globally recognized and UGC approved, renowned and top ranking Universities in India, Malaysia and UK.
Admission Open for March 2018 intake is going on for all subjects/ faculties.
PhD Centre
Koteshwor, Kathmandu
9841250385, 9860041678



Standard Chartered

समृद्ध जीवनको सुरुवात बचतका साथ ।

तपाईको मासिक किस्ताको भार कम गराउने विशेष आवास कर्जा योजना हामीले ल्याएका छौं ।

तपाईको अन्यत्र रहेको घर कर्जालाई हाम्रो विशेष घर कर्जा योजना अन्तर्गत पूर्णकर्जा लिई उल्लेख्य बचत गर्ने अवसरको फाईदा लिनुहोस् ।

बिशेषताहरुः
- ८.८८ %** वार्षिक व्याजदर (आधार दर + ३.०८ % प्रिमियम)
- सेवा शुल्क १.२५ % मात्र
- निःशुल्क धितो मुल्यांकन
- निःशुल्क कर्जा सूचना शुल्क
- निःशुल्क क्रेडिट कार्ड (जारी / पहिलो वर्षको शुल्क)
- निःशुल्क अनलाइन बैकिङ्ग सेवा (२ वर्षको लागि)

** कर्जा दर बैंकको आधार दर बमोजिम परिवर्तन हुने छ ।

थप जानकारीको लागि "MSO" टाइप गरी 98510-81000 मा SMS पठाउनुहोस् वा आफ्नो नजिकैको शाखामा सम्पर्क गर्नुहोला ।

यो योजना सीमित अवधीको लागि मात्र लागु हुने छ ।

यो विशेष योजनाका बारेमा आफन्त तथा साथीभाईलाई पनि जानकारी गराउनुहोस् ।

sc.com/np

Here for good

*शर्तहरु लागु हुनेछन् ।

\TBWA-SCB-03032018-18'

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रवन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा